मोफसलको सर्वाधिक लोकप्रिय राष्ट्रिय दैनिक

# पूर्वाञ्चल

Purwanchal National Daily

श्रीअन्तु प्रकाशन (प्रा.)लि.

◆ वर्ष : ३१ ◆ अङ्क : ६१ ◆ पृष्ठ ४ ◆ बिर्तामोड ◆ वि.सं. २०८२ माघ ३ गते शनिबार (Saturday, 17 January. 2026) नेपाल सम्वत् ११४६ Web : www .purwanchaldaily.com ◆ मूल्य रु. : ५/- भारतमा भारु. : ४/-

## कुवेत पठाइदिन्छु भन्दै ठगी

**काठमाडौं, माघ २।** वैदेशिक रोजगारीमा आकर्षक तलबको प्रलोभनमा पारी कुवेत पठाइदिन्छु भन्दै रकम ठगी गरेको अभियोगमा एक जना पक्राउ परेका छन्

काठमाडौं तारकेश्वर नगरपालिका-४ बस्ने धनुषा बटेश्वर गाउँपालिका-१ घर भएका ३६ वर्षीय राम बिहारी महतोलाई प्रहरीले पक्राउ गरेको हो ।

रामले कुवेत पठाइदिन्छु भन्दै दुई जनाबाट ३ लाख ४० हजार रूपैयाँ लिई सम्पर्कविहीन भएको भन्ने उजुरीको आधारमा काठमाडौं उपत्यका अपराध अनुसन्धान कार्यालय

(बाँकी अन्तिम पृष्ठमा)

### झापामा एकै दिन १२ वटा दुर्घटना

## तीन जनाको मृत्यु, ३२ जना घाइते

**झापा, माघ २।** माघ १ गते झापामा १२ वटा सवारी दुर्घटना भएका छन् । जिल्लाका विभिन्न स्थानमा भएका सवारी दुर्घटनामा परी नावालिका छोरीसहित आमाको मृत्यु भएको छ भने श्रीमानको मृत्युसँगै श्रीमती आइसीयुमा पुगेकी छिन् ।



यी घटनाले जिल्लाको सडक सुरक्षा अवस्थामाथि गम्भीर प्रश्न खडा गरेको छ । बिर्तामोड, कनकाई, हल्दिबारी, शिवसताक्षी, गौरादह, दमक, भद्रपुर, अर्जुनधारा, बुद्धशान्ति र बाह्रदशीलगायतका स्थानमा भएका १२ वटा सडक दुर्घटनामा परेर तीन जनाको मृत्यु भएको हो भने ३२ जना घाइते भएका हुन् ।

**बिर्तामोडमा ट्रक-मोटरसाइकल ठक्कर, एकको मृत्यु**

बिर्तामोड नगरपालिका-५स्थित पूर्व-पश्चिम महेन्द्र राजमार्गमा ट्रक र मोटरसाइकल एकआपसमा ठोक्किँदा मोटरसाइकल चालक बाह्रदशी गाउँपालिका-४ निवासी ३२ वर्षीय खगेन्द्र मगरको उपचारका क्रममा मृत्यु भएको छ ।

दुर्घटनामा उनकी श्रीमती २५ वर्षीया सुकमाया तामाङ गम्भीर घाइते भई बीएण्डसी अस्पताल बिर्तामोडमा उपचाररत् छिन् । ठक्करपछि मोटरसाइकलमा आगलागी भई पूर्ण रूपमा जलेको थियो । फरार ट्रक चालक मकवानपुरगढी-३ निवासी ३० वर्षीय सुनिल न्यौपानेलाई प्रहरीले नियन्त्रणमा लिएको छ ।

**कनकाईमा बस-पिकअप दुर्घटना, दुई जनाको ज्यान गयो**

कनकाई नगरपालिका-३ नयाँबस्तीमा बस र पिकअप ठोक्किँदा डेढ वर्षीया आरुती राजवंशीको अस्पताल पुऱ्याउने क्रममा मृत्यु भएको थियो । सोही दुर्घटनामा गम्भीर घाइते भएकी ४० वर्षीया सुष्मा राजवंशीको पनि उपचारका क्रममा ज्यान गयो । उक्त दुर्घटनामा बालबालिका, महिला र पुरुष गरी १२ जनाभन्दा बढी घाइते भएका छन् । घाइतेहरूको बीएण्डसी र बिर्तासिटी अस्पतालमा उपचार भइरहेको छ ।

यता हल्दिबारी-४ मंगलबारेमा अटो रिक्सा र मोटरसाइकल ठोक्किँदा पाँच जना घाइते भएका छन् । शिवसताक्षी-११ झिलझिलेमा अनियन्त्रित मोटरसाइकलले अर्को मोटरसाइकललाई ठक्कर दिँदा ४० वर्षीय तीर्थबहादुर प्रधान घाइते भएका छन् । गौरादह-८ प्रगतिचोकमा सिटी सफारी दुर्घटना हुँदा १३ वर्षीया

(बाँकी अन्तिम पृष्ठमा)

# गगन नेतृत्वको कांग्रेस आधिकारिक

## चुनाव चिन्ह रूख र चार तारे झण्डा देउवा समूहबाट खोसियो

**काठमाडौं, माघ २।** निर्वाचन आयोगले गगन थापा सभापति भएको नेपाली कांग्रेसलाई आधिकारिक मान्यता प्रदान गरेको छ । आयोगले कांग्रेसको विशेष महाधिवेशनलाई मान्यता दिएको हो ।

शुक्रबार बसेको आयोगको बैठकले विशेष महाधिवेशनलाई कानून र विधानसम्मत ठहर्याउदै त्यहाँबाट चयन भएका पदाधिकारीहरुको विवरण अध्यावधिक गर्ने निर्णय गरेको हो । यससँगै नेपाली कांग्रेसको चुनाव चिन्ह रुख र चारतारे झण्डा गगन थापा-विश्वप्रकाश शर्मा समूहको भएको छ भने उक्त चुनाव चिन्ह र झण्डा शेरबहादुर देउवा समूहबाट गुमेको छ ।

उक्त निर्णयसँगै विशेष महाधिवेशनले गरेका सबै निर्णयहरुले मान्यता पाउने भएको छ । विशेष महाधिवेशनले मान्यता पाउन नसक्ने भनी शेरबहादुर देउवा समूहले गरेको दावी स्वतः अस्वीकृत भएको हो । अब प्रत्यक्ष मनोनयनदेखि अरु काम कारबाहीमा गगन-विश्व समूहको निर्णय र काम कारबाही आधिकारिक मानिनेछ । विशेष महाधिवेशनले मान्यता पाएसँगै शेरबहादुर देउवाले नेतृत्व गरेको पुरानो कार्यसमिति पनि स्वतः अमान्य भएको छ ।

निर्वाचन आयोगको यो निर्णयपछि असन्तुष्ट पक्ष सर्वोच्च अदालत जाने बाटो भने खुला छ । सभापति चयन भएसँगै बिहीबार बसेको केन्द्रीय समिति बैठकको निर्णय लगत्तै थापा आधिकारिता दाबी गर्दै आयोग पुगेका थिए । आयोगले सबै डकुमेन्ट अध्ययन गरेर थापा नेतृत्वको कमिटीलाई आधिकारिकता दिएको हो ।

कांग्रेसको विशेष महाधिवेशन राजधानीको भृकुटीमण्डपमा पुस २७ देखि ३० सम्म भएको थियो । देउवा पक्षले पनि आफू नै आधिकारिक भएको जिकिरसहित आयोगमा डकुमेन्ट





बुझाएको थियो । उक्त विवादबारे कार्यवाहक प्रमुख निर्वाचन आयुक्त रामप्रसाद भण्डारीसहितका आयुक्तहरू सगुनशम्शेर जबरा, जानकी तुलाधर र आयोगका सचिव छलफलमा थिए । गगनको पक्षले आधिकारिकता भएपछि देउवा समूहले विरोध गर्दै नाराबाजी गरेका छन् ।

यसैबीच आगामी फागुन २१ गते हुने प्रतिनिधिसभा सदस्य निर्वाचनका लागि शुक्रवार निर्वाचन क्षेत्रमा निर्वाचन अधिकृतको कार्यालय स्थापना गरिएको छ ।

झापाका पाँचै निर्वाचन क्षेत्रमा निर्वाचन अधिकृतको कार्यालय स्थापना गरिएको हो । जिल्ला निर्वाचन कार्यालय झापाका अनुसार मुख्य निर्वाचन अधिकृतको कार्यालय तथा झापा निर्वाचन क्षेत्र नम्बर ३को निर्वाचन अधिकृतको कार्यालय भद्रपुरस्थित जिल्ला समन्वय समितिको भवनमा स्थापना गरिएको छ ।

त्यस्तै झापा निर्वाचन क्षेत्र १का लागि मेचीनगर नगरपालिका कार्यालय, २का लागि अर्जुनधारा नगरपालिकाको कार्यालय, ४का लागि कनकाई नगरपालिकास्थित अतिथि सदन भवन र ५ का लागि दमकस्थित अर्ग्यानिक कृषि भवनमा निर्वाचन अधिकृतको कार्यालय स्थापना गरिएको निर्वाचन अधिकारी तुलसी नेपालले जानकारी दिए । जिल्लामा कूल ७ लाख १३ हजार ५ सय ३७ मतदाता रहेका छन् । जुन २०७९ सालको निर्वाचनभन्दा ५० हजार २ सय २६ मतदातामा वृद्धि भएको उनले बताए ।

जिल्ला समन्वय समितिको भवनमा शुक्रबार आयोजित एक कार्यक्रमकाबीच झापा जिल्ला अदालतका प्रमुख न्यायाधीश उमेशप्रसाद लुइँटेल र झापाका प्रमुख जिल्ला अधिकारी शिवराम गेलालले संयुक्त रुपमा बोर्ड राखेर मुख्य निर्वाचन अधिकृतको कार्यालयको उद्घाटन गरेका हुन् । जिल्लाका पाँचै निर्वाचन क्षेत्रमा कार्यालय स्थापना भइसकेकोले आजदेखि नै निर्वाचनका सम्पूर्ण गतिविधिहरू त्यही कार्यालयहरूबाट सञ्चालन हुने प्रमुख न्यायाधीश तथा मुख्य निर्वाचन अधिकृत उमेशप्रसाद

(बाँकी अन्तिम पृष्ठमा)

## माई मेलामा चोरको बिगबिगी

**झापा, माघ २।** कन्काई माई मेलामा चोरको बिगविगी भएको छ । चोरीका घटनाहरू बढ्दै गएका छन् ।

माई मेला अवलोकनका लागि आएका सर्वसाधारणका तीनवटा मोटरसाइकलसहित नगद, गरगहना र मोबाइल चोरी भएको प्रहरीले जनाएको छ ।

प्रहरीका अनुसार कन्काई नगरपालिका-४को कोटीहोम क्षेत्र आसपास पार्किङ गरी राखिएका दुईवटा मोटरसाइकल एकै स्थानबाट हराएका छन् । झापा-५ निवासी मोहम्मद जेब्राइल शेखको निलो रंगको १५० सीसीको पल्सर मोटरसाइकल तथा सोही स्थानका जफर अलीको रातो रंगको १५० सीसी पल्सर मोटरसाइकल चोरी भएको हो ।

यसैगरी, कन्काई-४ स्थित कोटहोम मन्दिर परिसरमा पार्किङ गरिएको बुद्धशान्ति गाउँपालिका-१ निवासी ३६ वर्षीय युवराज खड्काको रातो-कालो रंगको १५० सीसीको पल्सर मोटरसाइकल पनि हराएको छ । मेलामा मोटरसाइकल चोरीसँगै स-साना चोरीका घटनासमेत बढेका छन् । कनकाई नगरपालिका-१की मुना दर्जीको हाते झोलासहित करिब दुई तोलाको सिक्री, बच्चाको ब्रासलेट र पाउजु चोरी भएको बताइएको छ । यस्तै कनकाई-३ निवासी झलका विश्वकर्माको महत्वपूर्ण कागजात रहेको झोला हराएको छ । हराएका मोटरसाइकल तथा अन्य सामग्रीको खोजी कार्य भइरहेको र घटनाबारे थप अनुसन्धान अघि बढाइएको जिल्ला प्रहरी कार्यालयले जनाएको छ ।

उता भद्रपुर नगरपालिकास्थित एक गहना पसलमा चोरी भएको छ । भद्रपुर नगरपालिका-५ भद्रपुर बजारमा रहेको न्यूममता ज्वेलर्सबाट बिक्रीका लागि तयार पारिएका चाँदीका गरगहना चोरी भएको हो ।

पसलका सञ्चालक शंकरप्रसाद सोनारका अनुसार पसलमा

(बाँकी अन्तिम पृष्ठमा)

## इलामका व्यवसायी आन्दोलित



**इलाम, माघ २।** इलाम सदरमुकाममा सञ्चालन हुँदै आएको करदाता सेवा कार्यालय हटाउने सरकारको निर्णयबिरुद्ध जिल्लाका व्यवसायी आन्दोलित भएका छन् ।

राज्यलाई नियमित रूपमा कर तिर्न सहज सेवा दिन स्थापना गरिएको कार्यालय नै हटाइएको भन्दै साना तथा ठूला व्यवसायीले विरोध जनाउँदै आन्दोलनको चेतावनी दिएका हुन् ।

करदाता सेवा कार्यालय खारेज भएपछि इलाम, पाँचथर र ताप्लेजुङका व्यवसायीलाई झापाको भद्रपुरस्थित आन्तरिक राजश्व कार्यालय पुगेर काम गर्नुपर्ने बाध्यता सिर्जना भएको छ । इलामबाट भद्रपुर पुग्न समय, खर्च र झन्झट बढेकाले व्यवसाय सञ्चालनमै असर परेको व्यवसायीहरूको गुनासो छ ।

पुस मसान्त अघिल्लो आर्थिक वर्षको कर तिर्ने र कर चुक्ताको प्रमाणपत्र निकाल्ने अन्तिम समय भएकाले समस्या झनै चर्किएको व्यवसायी बताउँछन् । कर चुक्ता बिना ठेक्कामा सहभागी हुन नपाइने व्यवस्था रहेकाले निर्माण व्यवसायीहरू थप समस्यामा परेका छन् ।

इलाम उद्योग वाणिज्य संघका अध्यक्ष चेतनाथ पौडेल कृष्णले छँदाखाँदाको करदाता सेवा कार्यालय हटाउनु सरकारको गलत निर्णय भएको बताए । भद्रपुर धाउनुपर्दा समय र रकम दुवै बढी खर्चिनुपरेको छ, यसले जिल्लाका व्यवसायीलाई प्रत्यक्ष मारमा पारेको छ- उनले भने ।

निर्माण व्यवसायी सन्तोष कटवालले आन्तरिक राजश्व कार्यालय झापामा २० दिनअघि बुझाएको फाइल अझै अड्किएको बताए । उनका अनुसार कर चुक्ता नहुँदा माघ २ गतेपछि जिल्लाभित्र खुल्ने ठेक्का प्रक्रियाबाट सबै निर्माण व्यवसायी वञ्चित हुने जोखिम छ ।

कर तिर्न नसकेकै कारण कतिपय व्यवसायी बैंकको कालोसूचीमा पर्ने अवस्था आएको अध्यक्ष पौडेलको भनाइ छ । बैंक ग्यारेन्टी लिन, ऋण चुक्ता गर्न तथा बैंकिङ कारोबारका लागि कर चुक्ता अनिवार्य सर्त भएकाले साना, मझौला र ठूला सबै व्यवसायी असहज स्थितिमा पुगेका छन् ।

सरकारले स्थानीय तहमार्फत सेवा दिने र प्रविधिमा आधारित बनाउने भनिए पनि व्यवहारमा कोष तथा लेखा नियन्त्रकको कार्यालयबाट सबै काम नहुने व्यवसायीको भनाइ छ । जेन्जी आन्दोलनको आगजनीपछि एक महिना करदाता सेवाको काम ठप्प रहनु, त्यसपछि असोज १८ को विपद्का कारण थप दुई महिना कर तिर्न नसक्नु र अहिले कार्यालय नै खारेज हुनु व्यवसायीका लागि दोहोरो-तेहोरो मार बनेको उनीहरूको गुनासो छ ।

इलामका प्रमुख कोष नियन्त्रक सूर्य भण्डारीका अनुसार कोलेनिकालाई व्यवसाय कर चुक्ताको

(बाँकी अन्तिम पृष्ठमा)

## पोल्याण्डमा निधन भएका लिम्बूको शव नेपाल पठाउन आर्थिक समस्या

**झापा, माघ २।** वैदेशिक रोजगारीका क्रममा पोल्याण्डमा निधन भएका झापाको कमल गाउँपालिका-६का गोपाल लिम्बूको शव नेपाल पठाउन सहयोग संकलन शुरु गरिएको छ ।

केही महिनाअघि मस्तिष्कघात भएपछि उपचाररत् लिम्बूको करिब छ महिना कोमामा रहेपछि गत जनवरी १० तारिखमा निधन भएको अन्तर्राष्ट्रिय झापाली समाजका महासचिव चिरनकुमार खवासले जानकारी दिए ।

लिम्बू वैदेशिक रोजगारीका लागि रोमानियामा काम गर्दै आएका थिए । त्यही क्रममा उनी पोल्याण्ड पुगेका थिए, जहाँ अचानक मस्तिष्कघात भएपछि उनको स्वास्थ्य अवस्था गम्भीर बनेको थियो । लामो समयसम्म उपचार भए पनि उनको ज्यान जोगिन सकेन ।

मृतक लिम्बूको परिवारमा श्रीमती र एक छोरा छन् । उनकी श्रीमती मिर्गौला सम्बन्धी समस्याबाट पीडित रहेकी र घरको आर्थिक अवस्था अत्यन्त कमजोर रहेको जनाइएको छ । यस्तो अवस्थामा शव नेपाल ल्याई अन्तिम संस्कार गर्न परिवारले आवश्यक खर्च जुटाउन नसक्ने भएपछि सहयोगको अपिल गरिएको हो ।

(बाँकी अन्तिम पृष्ठमा)


स्पाइन एक्स (Spine-X) हस्पिटल प्रा.लि.
भगवान चौक, बिर्तामोड

स्पाइन एक्स हस्पिटल २५ शैया स्तरोन्नतिको संक्षिप्त वातावरणीय अध्ययन प्रतिवेदन तयारी सम्बन्धी सार्वजनिक सूचना

(प्रथमपटक प्रकाशित मितिः २०८२।१०।०३)

कोशी प्रदेश, झापा जिल्ला, बिर्तामोड नगरपालिकामा स्पाइन एक्स हस्पिटल, भगवान चोक, बिर्तामोडद्वारा निम्न बमोजिमको प्रस्ताव कार्यान्वयन गर्न लागिएको छ ।

| | |
|---|---|
| प्रस्तावकको नाम र ठेगाना | स्पाइन एक्स हस्पिटल प्रा.लि.<br>भगवान चोक, बिर्तामोड, झापा , फोन नं. +०२३-५९१०६८<br>इमेलः hr.spinexhospitalbtm@gmail.com |
| प्रस्तावको व्यहोरा | प्रस्तावित आयोजना स्पाइन एक्स हस्पिटलद्वारा कोशी प्रदेश, झापा जिल्ला, बिर्तामोड भगवान चोक दुर्गा भवनमा कार्यान्वयन गर्न लागिएको छ । प्रस्तावित हस्पिटल हाल १५ शैयामा सञ्चालनमा रहेको छ तथा २५ शैया स्तरोन्नतिमा प्रस्ताव गरिएको छ । स्पाइन एक्स अस्पताल झापा जिल्ला बिर्तामोड नगरपालिका वडा नं. ३, महेन्द्र राजमार्गबाट दक्षिण करिब ३५ मी. को दुरीमा दुर्गा भवनमा अवस्थित रहेको छ । |
| प्रभाव पर्न सक्ने जिल्ला/न.पा./गा.पा. | झापा जिल्ला बिर्तामोड नगरपालिका, वडा नं. ३ |

माथि उल्लेखित प्रस्तावको संक्षिप्त वातावरणीय अध्ययन प्रतिवेदन तयारी गर्ने क्रममा सो क्षेत्रको प्राकृतिक भौतिक प्रणाली, जैविक प्रणाली, सामाजिक प्रणाली, सांस्कृतिक प्रणाली र आर्थिक प्रणाली बीच के-कस्तो प्रभाव पर्दछ भनी यकिन गर्न सो स्थानको न.पा./गा.पा. तथा त्यस क्षेत्रका विद्यालय, अस्पताल, स्वास्थ्य चौकी तथा सरोकारवाला व्यक्ति वा संस्थाको लिखित राय सुझाव लिन आवश्यक भएकोले यो सार्वजनिक सूचना प्रकाशन भएको मितिले १० दिनभित्र निम्न ठेगानामा आइ पुग्ने गरी लिखित राय सुझाव उपलब्ध गराइदिनुहुन अनुरोध गरिन्छ ।

राय सुझावको लागि पत्राचार गर्ने ठेगाना :

| प्रस्तावको नाम र ठेगाना | सम्बन्धित मन्त्रालयको नाम र ठेगाना | परामर्शदाताको नाम र ठेगाना |
|---|---|---|
| स्पाइन एक्स हस्पिटल प्रा.लि.<br>भगवानचोक, बिर्तामोड, झापा<br>फोन नं. ०२३-५९१०६८<br>इमेलः<br>hr.spinexhospitalbtm@gmail.com | प्रदेश सरकार<br>स्वास्थ्य मन्त्रालय<br>कोशी प्रदेश, नेपाल<br>टेलिफोन नं. ०२१-५९०६७१<br>इमेलः info.mob@pl.gov.np<br>वेवसाइटः https://moh.koshi.gov.np/ | ग्रिन ग्राजुएट्स डेभलभमेन्ट कन्सल्टेन्ट प्रालि<br>कोटेश्वर-३२, काठमाडौं, बागमती प्रदेश<br>फोन नं. ९८५११९५००४<br>इमेलः<br>ggconsult078@gmail.com |


## ट्रक पल्टिँदा ५ जनाको मृत्यु

**सुनसरी, माघ २।** सुनसरीको भोक्राहनरसिंह गाउँपालिका-स्थित फूलचोकमा ट्रक दुर्घटना हुँदा ५ जनाको मृत्यु भएको छ भने अन्य दुई जना घाइते भएका छन् ।

विराटनगरबाट मार्बल बोकेर हुलाकी राजमार्ग हुँदै सुनसरीतर्फ आउँदै गरेको १ ख ४५४१ नम्बरको ट्रक अनियन्त्रित भई सडकमा पल्टिँदा उक्त दुर्घटना भएको हो । ट्रक पल्टिँदा लोड गरिएको मार्बलमाथि बसेका ५ जना कामदारको मार्बलले किचेर घटनास्थलमै मृत्यु भएको जिल्ला प्रहरी कार्यालय सुनसरीका डीएसपी चन्द्र खड्काले जानकारी दिए ।

दुर्घटनामा ज्यान गुमाउनेहरू सबै सुनसरीको बर्जू गाउँपालिका-१का बासिन्दा हुन् । ट्रकमा सवार ३२ वर्षीय धीरेन्द्र गुरुङ, ५५ वर्षीय बर्मदेव गुरुङ, ५० वर्षीय टंक गुरुङ, २८ वर्षीय निशु गुरुङ र ५५ वर्षीय चन्द्र गुरुङको मृत्यु भएको हो । दुर्घटनामा घाइते भएका २ जनालाई उपचारका लागि बिराटनगरस्थित विराट टिचिङ अस्पताल लगिएको छ । प्रहरीका अनुसार दुर्घटनाको कारणबारे विस्तृत अनुसन्धान भइरहेको छ ।


BIRTAMODE EYE HOSPITAL

अब नाक, कान, घाँटी तथा दन्त उपचारसहित

उच्च गुणस्तरिय, सुलभ र भरपर्दो आँखा उपचार सेवामा समर्पित

CONTACT :
Birtamode Eye Hospital
CHARPANE, JHAPA, MECHI, NEPAL
PHONE NO: 023-530476 / Email: mnec.beh@gmail.com I
Web: birtamodeeyehospital.org

# घरधनीकै योजनामा बैंकमा लुटपाट

**सिन्धुली, माघ २।** पुस २९ गते भएको तीन करोड लुटपाटमा घरधनीसहित संलग्न सात जना पक्राउ परेका छन् । घ्याङ्लेखस्थित एसबीआई बैंक लुटपाटमा उनीहरु संलग्न रहेको जिल्ला प्रहरी प्रमुख एसपी लालध्वज सुवेदीले जानकारी दिए ।

प्रहरीले २ करोड ६८ लाख ५५ हजार १ सय ७५ रुपैयाँसहित लुटपाट गर्ने सबैलाई नियन्त्रणमा लिएको जनाएको छ । पक्राउ पर्नेमा काभ्रेपलाञ्चोक, साविक उग्रतारा जनगाल गाविस-२ घर भई हाल बनेपा नगरपालिका-१० बस्ने ४२ वर्षीय भागवतसिंह थापा, सिन्धुली घ्याङ्लेख गाउँपालिका-२का ४७ वर्षीय चतुरमान बज्यू, चितवन, भरतपुर महानगरपालिका-२का २४ वर्षीय शशांक श्रेष्ठ, नुवाकोट, पञ्चकन्या गाउँपालिका- ५का २३ वर्षीय मिलन गिरी, त्यहीँका १९ वर्षीय विवेक मगर, सिन्धुली, घ्याङ्लेख-२का ४४ वर्षीय छविलाल स्याङ्तान र १६ वर्षीय किशोर रहेका छन् ।

उनीहरुले पुस २९ गते अन्दाजी राति साढे ७ बजेको समयमा घ्याङ्लेख-२ हायुटारस्थित एसबीआई बैंकको शाखा कार्यालयमा लुटपाट गरेका थिए । घटनामा ५६ जनाको समूह संलग्न रहेको प्रहरीले जनाएको छ । गार्ड रुद्रबहादुर कार्की तथा उक्त बैंकमा रहेका कर्मचारीहरुलाई नियन्त्रणमा लिइ उनीहरुले खुकुरी प्रहार गरेका थिए । गार्ड कार्कीलाई सामान्य घाइते बनाएपछि मुखमा पट्टी बाँधेर उनीहरुले लुटपाट गरेका थिए ।

घटनास्थलबाट करिब २ किलोमिटर पूर्व लिपिखोलामा टाटा सुमो र चालक भागवतसिंह थापालाई प्रहरीले नियन्त्रणमा लिएको थियो । काभ्रेबाट विवाहमा जानका लागि ६ जनाले गाडी बुक गरेका थिए । २९ गते राति जंगलमा बोरामा लुकाएर राखिएको अवस्थामा १ करोड ८० लाख १० हजार ५ सय रुपैयाँ फेला परेको थियो ।

३० गते बिहान घ्याङ्लेख-१ सुकाचुरीबाट चार जना शंकास्पद व्यक्तिलाई प्रहरीले नियन्त्रणमा लियो । खानतलासी गर्दा उनीहरुको साथबाट ५ लाख ९ हजार छ सय ७५ रुपैयाँ फेला परेको थियो । उनीहरुले घटनामा संलग्न भएको स्वीकारेका थिए । उनीहरुले लुकाएर राखेको ८३ लाख ३५ हजार रुपैयाँ र घटनामा प्रयोग भएको नकाब, पञ्जा, नक्कली प्लाष्टिकको पेस्तोलसहितका सामान प्रहरीले बरामद गरेको छ ।

घटनामा संलग्न चतुरमान र उक्त बैंक रहेको घरधनी छविलाल स्याङ्तानको मुख्य संलग्नता रहेको बताइएको छ । बज्यू स्याङ्ताङका जेठान हुन् । उनले बज्यूलाई घ्याङ्लेखकै जंगलमा लुकाएका थिए । उनीहरुले असोजबाट नै बैंक लुट्ने योजना बनाएका थिए । पुस २३ गते बैंक लुट्न भनी काठमाडौंबाट २ वटा मोटरसाइकल भाडामा लिएका थिए । त्यसमध्येका चार जना आएको र त्यसदिन परिस्थिति अनुकूल नभएकाले उक्त बैंक लुट्ने योजना बिफल भएको थियो ।

पुस २८ गते बैंक लुट्ने योजनासहित काठमाडौंबाट जानुपर्ने टोली कोटेश्वरमा जम्मा भएका थिए । तर, एकजनाको जन्मदिन परेकाले भोलिपल्ट, अर्थात् २९ गते कोटेश्वरमा जम्मा भइ पब्लिक सवारी साधनमा उनीहरु बनेपा पुगेका थिए । त्यहाँबाट उनीहरुले टाटा सुमो भाडामा लिएका थिए । बैंक लुटपाट गर्न घरधनी छविलाल स्याङ्तानले आवश्यक हातहतियारको व्यवस्थापन तथा सूचना दिएका थिए ।

२९ गते साँझको समयमा पक्राउ परेका व्यक्तिले बैंकभित्र छिरेर सुरक्षा गार्ड र बैंकका कर्मचारीहरुलाई नियन्त्रणमा लिएका हुन् । त्यसक्रममा प्लाष्टिकको पेस्तोल देखाई बैंकमा पैसा भएको भल्टको ताल्चा खुलाएका थिए । पैसा बोरा तथा झोलामा हालेर उनीहरु भागेका थिए । त्यसदिन बैंकबाट ३ करोड ७ लाख रुपैयाँ लगेको भनी प्रहरीलाई जानकारी गराइएको थियो ।

# माघ ९ बाट पर्दामा 'परिवर्तन'

**झापा, माघ २।** नेपाली चलचित्र उद्योगमा फरक कथावस्तु लिएर आउन लागेको चलचित्र 'परिवर्तन' आगामी माघ ९ गतेदेखि नेपाल तथा विदेशका हलहरूमा एकैसाथ प्रदर्शनमा आउने भएको छ ।




झापा र सीमावर्ती क्षेत्रको यथार्थलाई केन्द्रमा राखिएको यस चलचित्रले समसामयिक राजनीतिक-सामाजिक विषय उठान गर्ने दावी निर्माण टिमको छ । चलचित्रका कलाकार तथा निर्माण पक्षले 'परिवर्तन' ले नेपाली समाजका संवेदनशील पक्षलाई मनोरञ्जनसँगै प्रस्तुत गर्ने बताउँदै दर्शकलाई हलसम्म पुग्न आग्रह गरेका छन् । नायक सुशील श्रेष्ठ र नायिका अञ्जना बराइलीले कथावस्तु नेपाली जनजीवनसँग नजिक रहेकाले हरेक दर्शकले हेर्नुपर्ने चलचित्र बनेको बताएका छन् ।

निर्देशक बिजय केरुङका अनुसार 'परिवर्तन' केवल एक्सनप्रधान चलचित्र मात्र होइन, यसमा सत्ताको लागि हुने राजनीतिक चलखेल र त्यसले आम मानिसको जीवनमा पार्ने प्रभावलाई पर्दामा उतारिएको छ । एक्सन, सस्पेन्स र सामाजिक सन्देशको संयोजनले दर्शकलाई अन्त्यसम्म बाँधेर राख्ने उनको विश्वास छ ।

निर्माता दीपक शिवाकोटीले चलचित्र निर्माणमा कुनै सम्झौता नगरिएको उल्लेख गर्दै कथा, प्रस्तुति र प्राविधिक पक्ष सन्तुलित रहेको दाबी गरे । दर्शकको रुचीलाई ध्यानमा राखेर द्वन्द्व दृश्य, पात्रबीचको सम्बन्ध र कथाको गति मिलाइएको उनले बताए ।

चलचित्रमा सुशील श्रेष्ठ शक्तिशाली एक्सन भूमिकामा देखिएका छन् भने अञ्जना बराइली प्रहरी इन्स्पेक्टरको भूमिकामा प्रस्तुत भएकी छन् । उनीहरूका साथै सरोज खनाल, करिश्मा मानन्धर, बुद्धि तामाङ, हेमन्त बुढाथोकी र सुवास मेचेको पनि मुख्य भूमिका रहेको छ । झापाका स्थानीय कलाकारहरूको समेत उल्लेख्य सहभागिता रहेको निर्माण पक्षले जनाएको छ ।

दिव्यासी फिल्म्सको ब्यानरमा बनेको 'परिवर्तन' को कथा तथा निर्माण दीपक शिवाकोटीको हो । पटकथा तथा संवाद शिवम् अधिकारीले लेखेका छन् भने सम्पादन बन्दे प्रसादले गरेका छन् । रामजी लामिछानेको कोरियोग्राफी, एसडी योगीको संगीत र श्री श्रेष्ठको द्वन्द्व निर्देशन रहेको चलचित्रलाई आरआर फिल्म्सले वितरण गर्दैछ ।

झापाली कलाकार याम खरेल र गौतम तिवारीले विशेषगरी झापाली दर्शकलाई आफ्नै परिवेश झल्किने चलचित्र भएकाले हलमा पुगेर हेर्न आग्रह गरेका छन् । निर्माण टिमको अपेक्षा अनुसार 'परिवर्तन' ले दर्शकको मन जित्दै नेपाली चलचित्रमा नयाँ बहस सिर्जना गर्ने विश्वास गरिएको छ ।

# बिर्तामोडमा सुपर सिक्स क्रिकेट हुने

**झापा, माघ २।** झापाको बिर्तामोडमा सुपर सिक्स क्रिकेट प्रतियोगिता हुने भएको छ । डोमालाल राजवंशी रंगशालामा हुने प्रतियोगिता दुई दिने हुनेछ ।

आयोजक झापा क्रिकेट क्लबका अध्यक्ष माधवकुमार झाका अनुसार प्रतियोगिता माघ ३ र ४ गते हुनेछ भने प्रतियोगिताको सञ्चालन मिसन झापाले गर्नेछ । प्रतियोगितामा १० देखि १५ वटा टिमको सहभागिता रहने क्लबका सचिव सुरज खड्काले जानकारी दिए । सहभागी टिमको टुंगो माघ ३ गते बिहान मात्र लाग्ने बताइएको छ ।

प्रतियोगिताको विजेताले नगद एक लाख रुपैयाँ, ट्रफी र मेडल प्राप्त गर्नेछ भने उपविजेताले नगद ३५ हजार, ट्रफी र मेडल पाउनेछ । त्यस्तै, उत्कृष्ट ब्याट्स्मान, उत्कृष्ट बलर र उत्कृष्ट विकेटकिपरले नगद पाँच हजार रुपैयाँ, ट्रफी र मेडल पाउनेछन् । प्रतियोगिताको सर्वोत्कृष्ट खेलाडीलाई नगद १० हजार, ट्रफी र मेडल प्रदान गरिने अध्यक्ष झाले बताए ।

## कुवेत ...

टेकूबाट खटिएको प्रहरीले उनलाई काठमाडौं महानगरपालिका-४ बाट पक्राउ गरेको हो । उनलाई आवश्यक अनुसन्धान तथा कारवाहीको लागि वैदेशिक रोजगार विभाग ताहाचल काठमाडौं पठाइएको छ ।

## इलामका ...

अधिकार छैन । हाल तत्कालका लागि कोलेनिकालाई संयोजनको माध्यम बनाइए पनि रोकिएका फाइल छिटो अगाडि बढाउनुपर्ने माग व्यवसायीले राख्दै आएका छन् ।

यसैबीच, इलाम उद्योग वाणिज्य संघले करदाता सेवा कार्यालय हटाइएपछि व्यवसायी समस्यामा परेको भन्दै प्रमुख जिल्ला अधिकारीमार्फत अर्थमन्त्रीलाई ध्यानाकर्षण-पत्र बुझाएको छ । ध्यानाकर्षण-पत्रमा इलामसँगै पाँचथर र ताप्लेजुङका व्यवसायी पनि प्रभावित भएको उल्लेख छ । प्रमुख जिल्ला अधिकारी लक्ष्मण ढकालले आफूले सकेको सहयोग गर्ने बताए । यसअघि इलाममा रहेको करदाता सेवा कार्यालयले वार्षिक ८० करोड रुपैयाँभन्दा बढी राजश्व सङ्कलन गर्दै आएको थियो ।

## माई मेलामा ...

राखिएको करिब १० तोला चाँदीका गरगहना चोरी भएको छ, जसको मूल्य करिब ५० हजार रुपैयाँ बराबर रहेको वडा प्रहरी कार्यालय भद्रपुरमा जानकारी दिएको छ ।

सूचना प्राप्त हुनासाथ वडा प्रहरी कार्यालय भद्रपुरबाट प्रहरी निरीक्षक खुदु मुर्मूको कमाण्डमा प्रहरी टोली घटनास्थलमा खटिएको थियो । प्रारम्भिक अनुसन्धानका क्रममा अज्ञात समूहले पसलको ढोकामा लगाइएको ताला फुटाई चाँदीका गरगहना चोरी गरेको देखिएको प्रहरीले जनाएको छ । घटनास्थल वडा प्रहरी कार्यालय भद्रपुरबाट करिब ८ सय मिटर पश्चिम-उत्तर दिशामा पर्ने जनाइएको छ ।

## निर्वाचन ...

जनाएको छ ।

यसैबीच सुनसरीमा सशस्त्र प्रहरीतर्फ दुई दिन म्याद थप गरिएको छ ।

सुनसरीमा निर्वाचन सुरक्षाका लागि खटाइने प्रहरी जनशक्ति भर्ना प्रक्रियामा माग अनुसार आवेदन नपरेपछि सशस्त्र प्रहरी बलतर्फ फारम भर्ने अवधि आज र भोलि दुई दिन थप गरिएको जिल्ला प्रहरी कार्यालय सुनसरीका प्रहरी प्रवक्ता चन्द्र खड्काले बताए ।

गत पुस २५ गतेदेखि माघ १ गतेसम्म भर्ना समय तोकिएको अवधिभित्र सशस्त्र प्रहरीतर्फ ४२९ जनाको माग गरिएकोमा ४१७ जनाको मात्र आवेदन परेको छ । माग अनुसारको आवेदन नपरेपछि आवेदन अवधि दुई दिनका लागि थप गरिएको प्रवक्ता खड्काले जानकारी दिए ।

सुनसरीमा निर्वाचन सुरक्षामा खटाउन नेपाल प्रहरीतर्फ ३,१४९ र सशस्त्र प्रहरीतर्फ ४२९ जना गरी कूल ३,५७८ जना प्रहरी जनशक्ति माग गरिएको थियो । जिल्ला प्रहरी कार्यालय सुनसरीका अनुसार नेपाल प्रहरीतर्फ भने ४,४१९ जनाको आवेदन परेको छ । नेपाल प्रहरीतर्फ पर्याप्त आवेदन परे पनि सशस्त्र प्रहरीतर्फ संख्या नपुगेपछि म्याद थप गर्नुपरेको हो ।

## हयाप्पी ल्याण्ड फनपार्क एण्ड रिसोर्ट सञ्चालनका लागि

## प्रारम्भिक वातावरणीय परीक्षण प्रतिवेदन तयारी सम्बन्धी सार्वजनिक सूचना

प्रकाशित मिति २०८२/१०/०३

कोशी प्रदेश, झापा जिल्ला, कनकाई नगरपालिका, वडा नं. २मा हयाप्पी ल्याण्ड फनपार्क एण्ड रिसोर्ट प्रा.लि.द्वारा निम्न बमोजिमको प्रस्ताव कार्यान्वयन गर्न लागिएको छ ।

| | |
|---|---|
| प्रस्तावकको नाम र ठेगाना | हयाप्पी ल्याण्ड फनपार्क एण्ड रिसोर्ट प्रा.लि., कनकाई नगरपालिका, वडा नं. २ |
| प्रस्तावको व्यहोरा | हयाप्पी ल्याण्ड फनपार्क एण्ड रिसोर्ट सञ्चालनको लागि |
| प्रभाव पर्न सक्ने जिल्ला/न.पा./गा.पा. | झापा जिल्ला, कनकाई नगरपालिका, वडा नं. २ |
| जग्गाको कित्ता नं. | कनकाई-२को कित्ता नं. २७४५, २९८६, २८७०, ३०२७, २२६१, २४०५, २८९२, ३११७, २६४ |

उपरोक्त प्रस्तावको प्रारम्भिक वातावरणीय परीक्षण अध्ययन प्रतिवेदन तयारी गर्ने क्रममा सो क्षेत्रको प्राकृतिक भौतिक प्रणाली, जैविक प्रणाली, सामाजिक प्रणाली, आर्थिक प्रणाली तथा सांस्कृतिक प्रणाली बीच के-कस्ता प्रभाव पर्दछ भनी यकिन गर्न सो स्थानको स्थानीय तथा त्यस क्षेत्रका विद्यालय, अस्पताल, स्वास्थ्य चौकी तथा सरोकारवाला व्यक्ति वा संस्थाको लिखित राय सुझाव लिन आवश्यक भएकोले यो सार्वजनिक सूचना प्रकाशित भएको मितिले सात दिनभित्र निम्न ठेगानामा आइ पुग्ने गरी लिखित राय सुझाव उपलब्ध गराइ दिनुहुन अनुरोध गरिन्छ ।

**राय सुझावका लागि पत्राचार गर्ने ठेगाना**

१) श्री कनकाई नगरपालिका, २ नं. वडा कार्यालय फोन नं. ९८०६०२१६९८
२) श्री पर्यटन विभाग, भृकुटीमण्डप, काठमाडौं, इमेल : info@tourismdepartment.gov.np
३) श्री हयाप्पी ल्याण्ड फनपार्क एण्ड रिसोर्ट प्रा.लि., कनकाई नगरपालिका, वडा नं. २ फोन नं. ९८२४०७९६८७
४) श्री ग्रीनहेराल्ड इन्भाइरोमेन्टल एण्ड इञ्जिनियरिङ प्रा.लि., नयाँ बानेश्वर, काठमाडौं फोन नं. ९८४६४०४११८, इमेलः geec.nepal@gmail.com

## तीन जनाको ...

बालिकासहित दुई जना घाइते भए ।

दमक-१ भित्री सडकमा मोटर साइकललाई बुलेरो पिकअपले ठक्कर दिँदा १९ वर्षीय अनुभव चौधरी घाइते भएका छन् भने भद्रपुर-८ क्याम्पस मोडमा मोटरसाइकलले पैदलयात्री २१ वर्षीया मिमिसा दाहाललाई ठक्कर दिँदा उनी घाइते भएकी छन् ।

अर्जुनधारा-४ रातेखालमा स्कुटी र मोटरसाइकल ठोक्किँदा ६ वर्षीया बालिकासहित तीन जना घाइते भएका छन् । बुद्धशान्ति-१ शान्ति चोकमा मोटरसाइकल दुर्घटनामा एकै परिवारका तीन जना घाइते भएका छन् । बाह्रदशी-४ चकचकीमा मोटरसाइकल दुर्घटनामा २९ वर्षीया लक्ष्मी ताजपुरिया घाइते भएकी छन् । कनकाई-५ चप्रामारी चोकमा अनियन्त्रित मोटरसाइकल दुर्घटना हुँदा दुई जना युवक घाइते भएका छन् ।

जिल्ला प्रहरी कार्यालय झापाका अनुसार अधिकांश दुर्घटना तीव्र गति, लापरबाही, मापदण्ड विपरीत ओभरटेक र सवारीसाधन अनियन्त्रित हुँदा भएको प्रारम्भिक अनुसन्धानबाट देखिएको छ । फरार रहेका केही सवारी चालकहरूको खोजी भइरहेको र सबै घटनाबारे थप अनुसन्धान जारी रहेको प्रहरीले जनाएको छ । लगातार भइरहेको दुर्घटनाले झापामा सवारी अनुशासन, ट्राफिक व्यवस्थापनमाथि पश्न उठ्न थालेको छ ।

## पोल्याण्डमा ...

मृतकका छोरा किरण लिम्बूले मानवीय संवेदनालाई हृदयङ्गम गर्दै सहयोग गरिदिन सबैमा अनुरोध गरेका छन् ।

परिवारको कमजोर आर्थिक अवस्थाका कारण लिम्बूको शव आफ्नै खर्चमा नेपाल ल्याउन असम्भव भएपछि युरोप तथा विश्वका विभिन्न मुलुकमा बसोबास गर्दै आएका नेपाली समुदायसँग सहयोग मागिएको छ । पोल्याण्डमा कार्यरत चिकित्सक एवम् अवैतनिक नेपाली दूत बोधराज सुवेदी तथा गैरआवासीय नेपाली संघ (एनआरएनए) को पहलमा शव नेपाल पठाउने प्रशासनिक प्रक्रिया अघि बढाइएको समाजका युरोप संयोजक लोकेन्द्र नेपालले बताए ।

उनका अनुसार शव नेपाल पठाउन करिब ८ हजार युरो खर्च लाग्ने अनुमान गरिएको छ । सोही खर्च जुटाउन सहयोग संकलन अभियान शुरु गरिएको हो । सबैको सानो-सानो सहयोगले शव नेपाल पुऱ्याउन सकिनेछ, जसले शोकमा रहेका परिवारलाई ठूलो राहत पुग्नेछ- उनले भने । लिम्बूको शव स्वदेश ल्याई अन्तिम संस्कार गर्न सकिने वातावरण बनाउन सबैमा सहयोगका लागि अपिल गरिएको छ ।

## गगन ...

लुइँटेलले जानकारी दिए ।

उनका अनुसार पहिलो चरणमा माघ ६ गते उम्मेदवारको मनोनयन दर्ता तथा सोही दिन मनोनयन दर्ता भएका उम्मेदवारको सूची प्रकाशन गर्ने रहेको छ । माघ ७ गते उम्मेदवारबिरुद्ध उजुरी दिने, माघ ७ र ८ गते उजुरी तथा मनोनयन-पत्रमाथि जाँचबुझ गरी निर्णय गर्ने, माघ ८ गते उम्मेदवारको नाम फिर्ता लिने तथा माघ ९ गते उम्मेदवारको अन्तिम नामावली प्रकाशन गरी निर्वाचन चिन्ह प्रदान गर्ने बताए । विशेष अवस्थामा यो निर्वाचन हुन लागेकोले सबै पक्षहरूको साथ सहयोगको आवश्यकता पर्ने उनको भनाइ छ ।

त्यस्तै निर्वाचन व्यवस्थापन, सुरक्षा व्यवस्था, निर्वाचन आचारसंहिता पालना, राजनीतिक दल तथा सरोकारवाला निकायबीच समन्वय र सहकार्य भइरहेको प्रमुख जिल्ला अधिकारी गेलालले बताए ।

एकीकृत निर्वाचन सुरक्षा योजना अनुसार जिल्लाका मतदान केन्द्रहरूलाई वर्गीकरण गरिएको छ । २८५ मतदानस्थलमध्ये ४३ वटा सामान्य, संवेदनशीलमा १४७ र अतिसंवेदनशीलमा ९५ वटा रहेको प्रजिअ गेलालले बताए । त्यसमा ८ सय १५ वटा मतदान केन्द्रहरु रहेका छन् । निर्वाचन सुरक्षाका लागि निर्वाचन प्रहरीसँगै नेपाल प्रहरी, सशस्त्र प्रहरी र नेपाली सेना परिचालन गरिने उनको भनाइ छ ।

अहिले निर्वाचन प्रहरी भर्ना भइरहेको जिल्ला प्रहरी कार्यालय झापाका डीएसपी खगेन्द्रबहादुर खड्काले जानकारी दिए ।

## मेचीनगर नगरपालिका

**नगर कार्यपालिकाको कार्यालय**
**इटाभट्टा, झापा**
**कोशी प्रदेश, नेपाल**

## घर नक्सा पासका लागि साँध-सँधियारका नाममा जारी गरिएको १५ दिने सूचना

मेचीनगर नगरपालिका वडा नं. ६ बस्ने श्री सुमित्रा तामाङले निजको नाममा दर्ता रहेको साविक नकलबन्दा-८ हाल मेचीनगर-६ स्थित कञ्चनजंघा टोल ग्राभेल मार्गमा पर्ने कि.नं. ३२४९, ३२५१ क्षेत्रफल ०-०-५, ०-०-५ जग्गामा तपशिलमा उल्लेख भए बमोजिम पूर्व/पश्चिम/उत्तर/दक्षिण तर्फका सँधियार श्री इन्द्रप्रसाद खरेल मिति २०८२/०९/२९ मा साँध-सँधियारको नाममा १५ दिने सूचना टाँस गर्न जाँदा नभेटिनुभएको हुँदा जारी मितिबाट १५ दिनभित्र साँध-सधियार, बाटो, नदीनाला, सार्वजनिक जग्गा, मठमन्दिर आदि कसैलाई असर पर्ने भए उजुरी गर्न यो सूचना प्रकाशित गरिएको छ । तोकिएको मितिमा कुनै किसिमको उजुर बाजुर पर्न नआएको खण्डमा तपशिलमा उल्लेख भए बमोजिमको घर नक्सा पास भई जाने व्यहोरा सबैमा जानकारीका लागि यो सूचना प्रकाशित गरिएको छ ।

**तपशिल**

| सि.नं. | जग्गाको विवरण | घरको विवरण | घर जग्गा धनीका सधियारहरु |
|---|---|---|---|
| १ | साविक नकलबन्दा-८ हाल मेचीनगर-६ कि.नं. ३२४९, ३२५१ क्षेत्रफल ०-०-५, ०-०-५ | लम्बाई ९१८७ मिटर चौडाई ८५७९ मिटर उचाई ६८५० मिटर क्षेत्रफल १६५.८५ मिटर | पूर्व श्री इन्द्रप्रसाद खरेल पश्चिम श्री चन्द्रबहादुर श्रेष्ठ उत्तर श्री केशरगंगा पौडेल दक्षिण श्री ग्राभेल बाटो |

## योग गरौं, स्वस्थ जीवन अपनाऔं ।

- नियमित व्यायाम तथा योगले तनावबाट राहत दिन्छ ।
- योग अभ्यासले शरीरलाई लचिलो, मनलाई शान्त र सोचलाई सकारात्मक बनाउँछ ।
- नियमित योगले उच्च रक्तचाप, मधुमेह, मोटोपन तथा तनावजन्य रोग नियन्त्रण गर्न गर्छ ।
- विहान वा साँझ कम्तीमा ३० मिनेट योग अभ्यास गर्ने बानी बसालौं ।
- योग गर्दा स्वच्छ वातावरण, खाली पेट र सहज आसनको प्रयोग गरौं ।
- बालबालिका, युवा, बृद्ध सबैका लागि योग लाभदायक छ ।
- योग उपचारात्मकभन्दा रोग निरोधात्मक विधि हो ।

नेपाल सरकार
विज्ञापन बोर्ड

## श्री अर्जुनधारा जलेश्वर धाम

**अर्जुनधारा नगरपालिका-७ (झापा)**
**फोन नं. ०२३-५४६५२५५, मो. ९८४२७३१९०५**

## साधारणसभामा उपस्थित हुने बारेको सूचना

यस अर्जुनधारा जलेश्वरधामको मिति २०८२/९/२३ गते बसेको कार्यसमितिको वैठकले निर्णय गरे अनुसार यस धामले गंगामाया गिरीका नाममा रहेको जग्गा खरिद गरेको, सो जग्गा पास गर्नका लागि कर छुटको प्रक्रियाका लागि जिल्ला प्रशासन कार्यालय भद्रपुर झापाबाट कोशी प्रदेश आन्तरिक मामिला तथा कानून मन्त्रालय बिराटनगरलाई सिफारिस आवश्यक परेको हुँदा सो सिफारिस लिनका लागि आर्थिक वर्ष २०८१/२०८२ को संस्था नवीकरण आवश्यक भएकाले उक्त प्रयोजनका लागि तपशिलका मिति, समय र स्थानमा विशेष साधारण सभा बस्नु पर्ने भएको हुँदा उपस्थित भई दिनु हुन हार्दिक अनुरोध गर्दछौं ।

**तपशील**
मिति : २०८२/१० /४ गते आईतबार
समय : ११ बजे
स्थान : धाम परिसर

**शिवलाल खतिवडा**
**महासचिव**

## कर्मचारी आवश्यकता

यस कम्पनीका लागि कम्प्युटरमा दक्ष (हिसाब राख्न सक्ने) लेखापाल (सम्बन्धित काममा अनुभवी) आवश्यक भएकोले इच्छुकले तु-सम्पर्क गर्नुहोला ।
सम्पर्कः ९८४२६५२१०४, ९८२८७१५३१४
**न्यूगिरी एण्ड सन्स टी इस्टेट प्रा.लि., बुट्टाबारी (झापा)**

## भारतका प्रतिष्ठित अस्पतालबाट आउनुभएका विशेषज्ञ डाक्टरहरूको दैनिक सेवा अब बिर्तामोडमै

**डा. प्रशिद्ध ढकाल**
MBBS, MD (PGI, Chandigarh), DM (AIIMS, New Delhi) Advanced Management of Diabetes (USA)
बरिष्ठ मधुमेह (सुगर), थाइरोइड, हर्मोन रोग विशेषज्ञ

**डा. बबिता शर्मा**
MBBS, MD (PGI, Chandigarh)
Ex-Scientist ICMR/AIIMS New Delhi
बरिष्ठ मानसिक रोग बिशेषज्ञ

**डा. विधान न्यौपाने**
Consultant Dermatologist
MBBS (T.U.), MD (K.U.)
छाला रोग विशेषज्ञ
दैनिक बिहान ९:00 बजेदेखि १0:00 बजेसम्म
दिउँसो २:00 बजेदेखि ५:00 बजेसम्म

**डा. रोहित पंजियार**
MBBS, MD (PGI, Chandigarh)
बरिष्ठ छाला, कपाल, सौन्दर्य, यौन, कुष्ठरोग बिशेषज्ञ
महिनाको अन्तिम शुक्रबार र शनिबार

**आर. आर. पोलिक्लिनिक**
अन्नपूर्ण चोक, भद्रपुररोड (भद्रपुर बस स्टेण्डसगै), बिर्तामोड-४, झापा
०२३-५९११७४, ९८२०४९११७४

## मेचीनगर नगरपालिका

**नगर कार्यपालिकाको कार्यालय**
**इटाभट्टा, झापा**
**कोशी प्रदेश, नेपाल**

## घर नक्सा पासका लागि साँध-सँधियारका नाममा जारी गरिएको १५ दिने सूचना

मेचीनगर नगरपालिका वडा नं. १३ बस्ने श्री ऐतमाया दमेनीले निजको नाममा दर्ता रहेको साविक दुवागढी-५ हाल मेचीनगर-१३ स्थित तेलिवारी टोल ग्राभेल मार्गमा पर्ने कि.नं. २०६६ क्षेत्रफल ०-०-१०.५ जग्गामा तपशिलमा उल्लेख भए बमोजिम पूर्व/पश्चिम/उत्तर/दक्षिण तर्फका सँधियार श्री सौगात सेलिङ मिति २०८२/०९/२४ मा साँध-सँधियारको नाममा १५ दिने सूचना टाँस गर्न जाँदा नभेटिनुभएको हुँदा जारी मितिबाट १५ दिनभित्र साँध-सधियार, बाटो, नदीनाला, सार्वजनिक जग्गा, मठमन्दिर आदि कसैलाई असर पर्ने भए उजुरी गर्न यो सूचना प्रकाशित गरिएको छ । तोकिएको मितिमा कुनै किसिमको उजुर बाजुर पर्न नआएको खण्डमा तपशिलमा उल्लेख भए बमोजिमको घर नक्सा पास भई जाने व्यहोरा सबैमा जानकारीका लागि यो सूचना प्रकाशित गरिएको छ ।

**तपशिल**

| सि.नं. | जग्गाको विवरण | घरको विवरण | घर जग्गा धनीका सधियारहरु |
|---|---|---|---|
| १ | साविक दुवागढी-५ हाल मेचीनगर-१३ कि.नं. २०६६ क्षेत्रफल ०-०-१०.५ | लम्बाई ११२.७८ मिटर चौडाई ७६.२० मिटर उचाई ९९.०० मिटर क्षेत्रफल २३५/ ३५मिटर | पूर्व श्री जोन राई पश्चिम श्री सौगात सेलिङ उत्तर श्री लीला सेलिङ दक्षिण बाटो |

श्रीअन्तु प्रकाशन प्रा.लि.द्वारा प्रकाशित तथा मुद्रित - कार्यालय : बिर्तामोड-१, झापा ■ प्रकाशक : भरतलाल गिरी, ■ अध्यक्ष : टोरुप प्रसाई, ■ व्यवस्थापक : चन्द्रकान्त ढकाल (९८४४६४२०९५/ ९८१७९९०२९९) ■ प्रकाशन सहयोगी : भानुप्रसाद शिवाकोटी ■ सम्पादक : एकराज गिरी
■ कार्यकारी व्यवस्थापक : होमप्रकाश अधिकारी (९८४२६३४७४०) ■ सह-सम्पादक : सुरेन्द्र भण्डारी ■ अनलाइन संयोजक : नरेन्द्र ढकाल ■ डेस्क सम्पादक : लक्ष्मण ढकाल ■ लेखा : सोमनाथ भण्डारी ■ बजार व्यवस्थापक : लीला आचार्य (९८१४०१८५७१) ■ कम्प्युटर : रुपा मुखिया/ सन्तोष अधिकारी
■ बिर्तामोड प्रतिनिधि: गोपाल अधिकारी-९८०७९१०२२२/सञ्जय श्रेष्ठ ९८०६०३३१५३ ■ प्रोसेसिङ : गोपाल मण्डल ■ प्राविधिक : बद्री महतारा (कार्यालय फोन : ०२३-५३१००२/प्रशासन/विज्ञापन : ०२३-५३००४४) Email: purwanchal2052@gmail .com

# मेरा पिता मेरो आत्मसम्मान



रुपक खनाल

पिताजीको बारेमा केही लेख्नु पर्ने । तर के लेख्ने, के लेख्ने भनेर म चिन्तित थिएँ । किनकि हरेक सन्तान मातापिताका अगाडि साना बबुरा नै हुन्छन् । अब बबुराले के लेख्ने र तर पनि कनिकुथी लेख्ने प्रयास गर्दैछु ।

दाताराम शर्मा खनाल मेरो काका हजुरबुवा र मेरा गुरु पनि हुन् । उहाँले मलाई पढाउनु पनि भयो, जुनबेला म महेन्द्ररत्न माध्यमिक विद्यालय अनारमनीमा अध्ययनरत् थिएँ । त्यसवेला उहाँ हेडमास्टर हुनुहुन्थ्यो । उहाँदेखि असाध्यै डर लाग्दथ्यो । तर, जब उहाँ रिटायर भएर घरमा नै बस्न थाल्नुभयो तब मेरो उहाँसँग अलि बढी हिमचिम बढ्न थाल्यो । उहाँ जहिले पनि एउटा कुरा भन्ने गर्नुहुन्थ्यो ‘म कहिले पनि विद्यालयमा धाएर पढिन मेरा सबै अध्ययन स्व अध्ययन हुन् । म परीक्षा दिन मात्र जान्थेँ ।’ मलाई यो वाक्य सधैँ अचम्म लाग्दथ्यो । यो कसरी सम्भव हुन्छ । यसै सिलसिलामा मैले हजुरबुवालाई ‘हजुरबुवा तपाईं एउटा आत्मकथा लेख्नुहोस् न’ भन्ने गर्थें । तर हजुरबुवा ‘मलाई लेख्न नै आउँदैन’ भनी टार्नु हुन्थ्यो ।

मेरो धेरै प्रयास पछि उहाँले लेख्नु शुरु गर्नुभएछ । एउटा कपिमा करिब २०/२५ पेज जति लेखेर मलाई सुनाउनुभयो । साहै राम्रो लाग्यो । अझै थप्दै जानु पर्छ भने । हजुरबुवाले बिस्तारै अलि-अलि थप्दै जानु भयो । तर, यसै बीचमा उहाँलाई अलजाइमर (बिर्सने रोग)ले च्याप्दै गएको रहेछ । उहाँले लेख्न छोडनुभयो र भन्नुभयो ‘मलाई पूराना कुरा याद नै आउँदैन । अलि-अलि लेखेको र हजुरबुवाको मुखबाट सुनेको कुरा मैले दाताराम शर्माको स्मृति ग्रन्थमा लेखेको छु । उहाँको स्वयम्ले लेखेको आत्मकथा हुन्थ्यो भने हामी र हाम्रा पिँढीका लागि मार्ग दर्शन हुने थियो, तर त्यो पूरा हुन सकेन ।

दाताराम शर्मा खनालले आत्मवृत्तान्त लेखि नसकेकोमा मलाई ठूलो विस्मत लागिरहेको थियो । पछि दाताराम शर्मा स्मृतिग्रन्थ प्रकाशन गर्ने भनेर वि.सं. २०६९ सालमा एउटा बैठक बस्यो र वि.सं.२०७६ सालमा पुस्तक तयार भयो र विमोचन भयो । वि.सं. २०७३ सालमा मैले अर्को अठोट गरेँ । हाम्रा बुवा गणेशप्रसाद खनालको ‘जीवन वृत्तान्त’ प्रकाशन गर्न सकेमा यो हाम्रा लागि र अरुका लागि पनि प्रेरणाको स्रोत हुने थियो भन्ने लाग्यो र ‘गणेशप्रसाद खनाल जीवन वृत्तान्त’ पुस्तक प्रकाशन गर्ने पक्का ठहर गरियो । यसै सिलसिलामा म शेखर पाण्डे र अमूल खनाल भएर यसको चाँजोपाजो मिलाउन थाल्यौं र बुवासँग निकट भएका व्यक्तिहरुबाट लेखका लागि निवेदन गर्न शुरु गर्‍यौं । बुवाको आत्मकथा लेख्न छोरा अमूल खनालको साथ लिएर बुवाले भन्दै जाने र उसले लिपिबद्ध गर्ने कामको शुरुवात भयो । यसका साथै विभिन्न व्यक्तिहरुबाट पनि लेख प्राप्त हुन थाल्यो । तर, लेख माग्नका लागि लेखकहरुलाई घच्घचाई रहनु पर्ने कारणले केही समय लाग्यो ।

सम्भवतः यो धर्तीमा आएका धेरै मानवहरु मध्ये जसले जीवनमा धेरै संघर्ष गरेर सफलता प्राप्त गर्दछन् तिनीहरुको जीवन नै आउँदो पिँढीका लागि मार्ग दर्शक रुपमा रहने हुनाले त्यस्ता व्यक्तित्वको बायोग्राफी तयार गर्नु उत्तम कार्य जस्तो लाग्छ । यसकारण पिताजीको बायोग्राफी तयार गर्न लागियो । सबै पिताहरुका इच्छा-आकांक्षा एउटै हुन्छन् । आफ्ना सन्तान अघि बढुन्, वंशको नाम राखुन् । त्यसैले यी सत्कर्म गर्नुपर्दछ भन्ने मानसिकतामा म पनि बलियो अठोट लिएर लागेँ । बुबाले धेरै दुःख गरेर शिक्षा क्षेत्रलाई सर्वोपरि ठानी संघर्ष गरेर हामीलाई आजको अवस्थामा ल्याउन सफल हुनुभएको छ । बुवाले वि.स. २०१६ सालमा एसएलसी, वि.सं. २०२४ सालमा आई.ए वि.सं. २०३२ सालमा बि.ए र वि.सं. २०४० सालमा स्नातकोत्तर अर्थशास्त्र विषयमा उपाधि हासिल गर्नुभएको थियो । यो समयको फरकले नै जनाउँछ कि उहाँको जागिर खादै पढ्ने गरेको अवस्था थियो र त्यसै गर्नु भएको पनि हो ।

पिताजीलाई यो स्थानमा पुर्‍याउने प्रमुख योगदान मेरो आमा बुध खनालको पनि हो । वि.सं. २०१७ सालमा जब विवाह भएर खनालको घरमा भित्रिनुभयो तबदेखि मेरो पिताजीले उन्नति र प्रगति गर्दै जानुभएको देखिन्छ । आमाले खनाल परिवारको सदस्यका रुपमा रहँदा भोग्नु भएको दुःख हामीलाई सुनाउँदा हामी नै अचम्मित हुन्छौं । साखेजुङ्गमा रहँदा हामीलाई हातमुख जोर्न नै धौ-धौ थियो अरे । साना-साना नानीहरु ( नन्द र देवर) धेरै सबैको स्याहार-सुसार आमाले नै गर्नुभएको अरे । साखेजुङ्गमा इन्द्रलाल र गोमादेवीले एउटा शिव पाञ्चायन मन्दिर बनाउनु भएको रहेछ । त्यो बनाउँदा आमा साइँली हजुरआमा (रामप्रसाद खनाल जेठी श्रीमती) कान्छी हजुरआमा (दिनानाथ खनालकी श्रीमती) भएर झुत्रे खोलाबाट वालुवा बोकेर ल्याएर मन्दिर बनाएको भन्नुभएको थियो । करिब १८/१९ सालतिर उक्त मन्दिर बनाएको हुनु पर्दछ । हजुरबुवा र हजुरआमा मधेश झरेपछि सबै काका फुपूहरुलाई आमाले नै सम्हाल्नु भएको रहेछ ।

बुवाले हामीलाई दुर्गापुर ल्याएर राख्नुभयो अनि मात्र हाम्रो शिक्षा नियमित हुन थाल्यो । नत्र बुवाको सरुवा जहाँ हुन्थ्यो हामी त्यतै जान्थ्यौं । मेरो अध्ययनको शुरुवात भगवती मावि इनरुवा सुनसरी कक्षा २ र ३ विराटनगरस्थित विराटेश्वर निमाविमा र ४ कक्षादेखि दुर्गापुरस्थित भृकुटी निमावि र कक्षा ८ देखि १० सम्म महेन्द्ररत्न मावि अनारमनीमा भयो । दुर्गापुरमा रहँदा आमा र म प्रायः सँगै बस्थ्यौं । दाजु दीपक अलिक ठूलो भएकोले बुवाले सँगै लानुहुन्थ्यो । दुर्गापुरमा रहँदा खेतीपाती गरिन्थ्यो । गाई-भैसी पालेको थियो पछि अध्ययनमा कठिन भएकाले दुर्गापुरबाट बिर्तामोड बसाई सरियो । बिर्तामोडमा वि.सं. २०३६ सालको मंसीर महिनाबाट घर बनाउन थालियो र वि.सं. २०३७ साल बैशाख १ गते बिर्तामोड घरमा बसाई सरी आइयो ।


बिर्तामोडमा बसाई सरी आउँदा पनि हाम्रो अवस्था ठिकठिकै थियो । आमाको मेहनत र हेरचाहबाट हामीलाई पढ्न सहज भयो । मलाई स्मरण छ, ममीले मलाई बिर्ताबजारमा कनिका बेच्न पढाउनुहुन्थ्यो । म धौलाको मिल अगाडि बस्ने रामासिसको बुवाकोमा कनिका ५० पैसा प्रति केजीमा बिक्री गर्दथेँ । पछि पछि गएर १ रुपैयाँसम्म प्रति केजी भयो । पैसा आमालाई दिन्थेँ, सायद त्यसबाट पनि घर खर्च गर्नुहुन्थ्यो होला । दाजु धेरैजसो बुवासँग बसेको र भाइ सानो भएकाले घरको काममा म आमालाई सघाउँथेँ ।

पिताजीले एकदमै कडा परिश्रम र मेहनत गरेर शिक्षा आर्जन गर्नुभयो । साथै आमाको कुशल घर-व्यवहारले गर्दा नै आज हामी सही रुपमा शिक्षा ग्रहण गरी आ-आफ्नो खुट्टामा उभिन सफल भएका छौं ।

*(गणेशप्रसाद खनाल आत्मवृत्तान्तबाट उहाँका माइला छोरा डा. रुपक खनालको यो लेख लिइएको हो ।)*



# मेरा बा



उत्तम खनाल

भनिन्छ, पिता आकाशभन्दा महान् हुन्छन् । मलाई मेरा बा देख्दा लाग्छ मेरा बा आकाशभन्दा दोब्बर महान् वा भनौ बासँग तुलना गर्न योग्य कुनै कुरा नै छैन । आमालाई धर्ती भनिन्छ । धर्तीमा केही मैला गरे रिसाउनु होइन हामीलाई प्राण धान्न अन्न दिन्छिन् । त्यस्तै आमाले नौ महिना कोखमा राखेर जन्म दिन्छिन् ।

काखमा दिसापिसाब गरिहाले पहिले सन्तानलाई सफा बनाउँछिन् र अनि मात्र आफू सफा हुन्छिन् त्यसैले म बालाई आकाश नै देख्छु आमालाई धर्ती नै । अन्य कुनै योग्य उपमा पाउदिनँ । मेरा बा त्यति मात्र होइन मेरा उच्च आदर्शका अनुपम प्रति मूर्ति पनि हुनुहुन्छ । अनन्त प्रेरणाका स्रोत, उदाहरणका खानी, संघर्षका प्रतीक, सन्तानका लागि सतिसाल झैं उभिने न्यायका लागि मरिमेट्ने, प्रजातन्त्र प्रेमी, अन्याय तथा अत्याचारका बिरुद्ध लड्ने, घुसखोरी, चाकरी र चाप्लुसी गर्नेहरुका निम्ति कठोर बनेर उभिने एक दृढ व्यक्तित्व हुनुहुन्छ मेरा बा ।

अफ्ठ्यारोमा परेका जोसुकैलाई सहयोग गर्न खोज्ने मेरा बाको जागिर जीवन भने त्यति सजिलो रहेन ।

बाहिरबाट हेर्दा सरकारी जागिर जति सजिलो र राम्रो छ भित्र त्यति नै अफ्ठ्यारो हुँदोरहेछ । सरुवाका क्रममा बुवा कहिले यहाँ कहिले त्यहाँ कुनै ठेगान नहुने । बिरालाले आफ्ना छाउरा सारे जस्तै आफ्नो जागिर सरुवा हुनासाथ बुबा जहाँ हामी पनि त्यहीँ । आरुनो खर्च, कोठा भाडा, पारिवारिक खर्च, सबै धान्नु पर्ने, सरकारी जागिरे भन्ने इज्जत धान्नु पर्ने साथै भविष्यका निम्ति सञ्चय समेत गर्नुपर्ने । ती सबै कुराहरु ध्यानमा राखेर पनि बुबाले हामीलाई जुन सुख दिनुभयो, जुन तवरले हाम्रा माग र सपनाहरु पूरा गर्नुभयो त्यो म कल्पना पनि गर्न सक्दिनँ । हामीलाई त के थियो र ? यो चाहियो भनिन्थ्यो; नपाए रोइन्थ्यो ।

आफ्नो कर्तव्य पथबाट कहिल्यै पछि नहट्ने मेरा बा न कहिल्यै कसैसँग झुक्नुभयो न कसैलाई अन्याय नै गर्नुभयो । म कान्छो छोरो भएको नाताले केही प्याउलो हुनु स्वभाविक नै थियो, त्यसमाथि बुबा धेरैजसो कार्यालयीय काममा व्यस्त हुने हुँदा कहिलेकाहीँ विदाका दिनमा मात्रै बुबासँग मसँगै हुन्थेँ । दाजुहरुभन्दा बुबासँग म एक्लै तथा बढी समय बिताउन रुचाउँथेँ र दाजुहरुसँग बुबाआमाले मलाई धेरै माया गर्नुहुन्छ भन्ने देखाउन खोज्थेँ तर बुबाले हामी तीनै दाजुभाइलाई उत्तिकै माया गर्ने र उत्तिकै समय दिने गर्नुहुन्थ्यो । कहिलेकाहीँ दाजुहरुसँग मेरो पढाइको चिन्ता व्यक्त गर्नुहुन्थ्यो । किनकि म पढाइमा त्यति राम्रो थिइनँ ।

मिहिनेतले मानिसलाई पूर्णता दिलाउँछ भने मनमा जोस र जाँगर भए उमेर बुढो भएर केही हुँदैन भन्ने कुरा पनि मैले बुबाबाट नै सिकेँ । केही गर्नुपर्छ भन्ने बुबाको हुटहुटी हुँदैनथ्यो भने जागिरे जीवनपश्चात् अवकाश प्राप्त जीवन बिताइरहेका आममानिस सरह बुबा घरको एउटा कोठामा धुमधुमती बसिरहनुभएको हुने थियो । यता म पनि आममानिस सरह कि त विदेश गएको हुने थिएँ वा कुनै सानोतिनो जागिर गरिरहेको । ग्रामीण भेगमा जन्मनुभएको मेरा बाको बाल्यकाल कष्टकर रहेको कुरा म हजुरआमाका मुखबाट सुन्थेँ ।

तत्कालीन अवस्थामा आम्दानीका स्रोत धेरै नहुने र हजुरबुबाको जजमानी वृत्ति पनि त्यति राम्रो नभएको बाल्यकालमै महशुस गरी जागिर खान घर-परिवारबाट टाढा बस्नुपर्दाको पीडा, छोराछोरी तथा भाइबहिनी र बुबाआमाप्रतिको कर्तव्य, तत्कालीन राजनीतिक व्यवस्थाका साथै प्रशासनिक अवस्थाले सताएका कुरा बाले कहिलेकाहीँ हामीलाई सुनाउनुहुन्थ्यो ।

बाले गरेका ती संघर्ष बावाआमाका मुखबाट सुन्दा यदि म त्यो अवस्थामा भएको भए के गर्थें होला भन्ने लाग्छ । अविकसित देश, आफ्नै देशको राजधानी जान पनि विदेशको बाटो अपनाउनुपर्ने, त्यो पनि तीन-चार दिनमा मात्रै पुगिने, विभिन्न स्थानमा सरुवा पठाउने र फेरि त्यहाँ कति दिन मात्रै रहनुपर्ने भन्ने समेत थाहा नहुँदा पनि छोराछोरीको मायाले साथमा लिएर जानुहुन्थ्यो ।

बुबाका लागि शब्दहरु जति नै लेखे पनि अपुग नै हुन्छन् । मैले यहाँ केही लेख्न खोज्नु समुद्रमा लगेर एक गाग्री पानी थप्नु सरह हो वा भनौं इन्द्रका सामु स्वर्गको बयान । तथापि गलतलाई गलत र सहीलाई सही नै भन्न सिकाउने, यो समाजमा मलाई तातेताते गराउने, मेरा गल्ती औंल्याउँदै सजग गराउने, जस्तोसुकै कठिन परिस्थिति पनि हाँसी-हाँसी सामना गर्नुपर्छ भन्ने र आजको सूर्यास्तले भोलिको प्रातः उज्यालोको सङ्केत गर्छ भन्दै दुःखलाई सुखको आधार हो भनी परिभाषित गर्ने मेरा बा मेरा लागि प्रातः स्मरणीय, अनन्त ऊर्जा र प्रेरणाका स्रोत हुनुहुन्छ । मेरी आमा धर्ती जस्तै सहनशील हुनुहुन्छ । बा-आमाका चरणमा दण्डवत् ढोग गर्दछु ।

*(गणेशप्रसाद खनाल आत्मवृत्तान्तबाट उहाँका कान्छा छोरा उत्तम खनालको यो लेख लिइएको हो ।)*


(द.नं. २६००९/०७८/०३)

**सम्पूर्ण रोजगारी सेवा एकै ठाउँमा**

कामदार चाहिएमा वा काम चाहिएमा हामीलाई सम्झनुहोस् । यहाँ सम्पूर्ण काम जानेकालाई जागीर र नजानेकालाई काम सिकाइ रोजगारी दिइन्छ ।

स्काभेटर अपरेटरहरु चाहिएमा हामीलाई सम्झनुहोस् ।

प्रो. रोशन अधिकारी
पूर्वाञ्चल रोजगार तथा ट्रेनिङ्ग परामर्श सेवा केन्द्र
मो. ९७६४४९७७०९

सेफ्टी ट्यांकी सफा गर्नु परेमा हामीलाई सम्पर्क गर्नुहोला ।

**झापा सेफ्टी ट्यांकी तथा ढल सफाई**



बिर्तामोड सम्पर्क
राजकुमार श्रेष्ठ
९८५२६४६००५, ९८०६०१०४१०
९८४२६३४६२, ०२३-५४६००५

दमक सम्पर्कः
देवी सिटौला
९८२४९७९१८५,
९८४२७६०२६५,
९८४२३३२४३०

झापामै सबैभन्दा ठूलो भ्याकुम सिस्टमको ट्यांकीबाट सफाई गरिन्छ ।

उच्च गुणस्तर सुलभ मूल्य

**सयपत्री बालुवा प्रशोधन उद्योग**

यहाँ आधुनिक प्रविधिद्वारा प्रशोधित बालुवा, गिटी आदि निर्माणजन्य सामग्री सुपथ मूल्यमा पाइनुका साथै तुरुन्त डेलिभरी समेत गरिन्छ ।

सम्पर्क : ९८६६२४२४६६
Whatsp:
९८४२६५४४००/९८०४९५४४००
अर्जुनधारा नपा- ४, झापा

**ताप्लेजुङ -पाथीभरा सफल यात्रा**



बिर्तामोडबाट फिदिम, ताप्लेजुङ हुँदै पाथीभरा मन्दिरसम्म साथै थेचम्बु, मेमेङसम्मको सफल यात्राका लागि हामीलाई सम्झनुहोस् ।

ताप्लेजुङ पाथीभरा काउन्टर
मो. : ९८०३२५०४७२
९८०१३६४०९३

**सेफ्टी ट्यांकी चाहिएमा**

अब झापामा सेफ्टी ट्यांकी सफा गर्नु परेमा **राम्रो सेफ्टी ट्यांकी**लाई सम्पर्क गर्नुहोस् । *सस्तो, भरपर्दो, छिटो र छरितो सेवा उपलब्ध छ ।*



सम्पर्कः शिवसताक्षी, कन्काई, बिर्तामोड, धुलाबारी, अर्जुनधारा, बुधबारे
देवराज गिरी
९८१३६७६६२२/९८४२०७०५८६/९७०६१९६४०६

के मेचीनगर क्षेत्रमा

**पूर्वाञ्चल दैनिकको**

जो कोही इच्छुक हुनुहुन्छ ? ग्राहक बन्नु भएको छैन ? समयमा पाउनु भएको छैन ? .....

**मेचीनगरको क्षेत्रको समाचार, कुनै गुनासो, सूचना, विज्ञापन तथा ग्राहक**

*बन्नु परेमा सिँधै सम्पर्क गर्नुहोस्....*

सुमन बस्नेत
९८१६९४०६३०/९८४४६११४६७ (धुलावारी झापा)


## आजको रासिफल



ज्यो. पं. खेमप्रसाद पौडेल
फोन सम्पर्क नं. : ९८५११५४६९९

**मेष (चु, चे, चो, ला, लि, लु, ले, लो, अ)** बुद्धिको उपयोगले धन आर्जन गर्ने समय रहेको छ, आफ्नो विचारले धेरैलाई प्रभावित बनाउन सकिने छ, माइतीबाट शुभ खबर सुन्न पाइनेछ ।

**बृष (इ, उ, ए, ओ, बा, बि, बु, बे, बो)** आज दिन मध्यम छ, कार्ययोजना सफल हुनेछ, स्वास्थ्यले साथ दिने छ, आजबाट अनावश्यक चिन्ता हटेर जानेछ, स्वास्थ्यमा चाहिँ ध्यान दिनुहोला ।

**मिथुन (का, कि, कु, घ, ङ, छ, के, को, ह)** धार्मिक तिर्थयात्रा हुनेछ, यो समयमा साथीभाइको पूर्ण सहयोग पाइने छ, पराक्रममा वृद्धि हुनेछ, शत्रुमाथि विजय प्राप्तिको योग छ ।

**कर्कट (हि, हु, हे, हो, डा, डि, डु, डे, डो)** शुभ समाचार आउने छ, स्वास्थ्यमा समस्या हुनसक्छ, पशुचौपायासँग सम्बन्धित व्यापारबाट यथेश्ठ लाभ नमिल्नाले मन चिन्तित रहला ।

**सिंह (मा, मि, मु, मे, मो, टा, टि, टु, टे)** समय बलवान रहेको छ, यो अवधिमा नयाँ कामको थालनी गर्नुभएमा तपाइँको लागि लाभदायक हुनेछ, प्रेम सम्बन्ध सुमधुर रहला ।

**कन्या (टो, प, पि, पु, ष, ण, ठ, पे, पो)** विशेष कार्यको सुरुवात हुनेछ, लाभदायक लामो यात्रा हुनेछ, पारिवारिक सहयोग नमिल्नाले मनमा खिन्नता पैदा हुनेछ ।

**तुला (र, रि, रू, रे, रो, ता, ति, तु, ते)** विपरीत लिङ्गिसाथीबाट साथ र सहयोग प्राप्त हुनेछ, पराक्रममा वृद्धि हुनेछ, तपाईको समय उत्तमसिद्धी रहेको छ ।

**बृश्चिक (तो, ना, नि, नु, ने, नो, या, यि, यु)** बोलिमा विचार पुर्‍याउनुहोला, बोलिको भरमा भव्य काम सफल हुनेछ, स्वास्थ्यमा समस्या देखिन सक्छ, सतर्क रहनुहोला ।


**धनु (ये, यो, भ, भि, भु, ध, फा, ढ, भे)** स्वास्थ्य प्रतिकुल बनेर जानेछ, अनावश्यक झमेलाबाट छुटकारा मिल्ने योग रहेको छ, यो अवधिभर कसैसँग वादविवाद नगर्नुहोला ।

**मकर (भो, ज, जि, खि, खु, खे, खो, गा, गि)** पराक्रम बढेर जानेछ, बिग्रन लागेको काम बनिनाले हौशला बढ्नेछ, छोटो दुरीको यात्रा हुनेछ, मन हर्षित रहला ।

**कुम्भ (गु, गे, गो, सा, सि, सु, से, सो, द)** समय शुभ फलदायी रहेको छ, मान-प्रतिष्ठा बढेर जानेछ, लेनदेनमा विचार पुर्‍याउनुहोला, धार्मिक गतिविधि बढेर जानेछ ।

**मीन (दि, दु, थ, झ, ञ, दे, दो, च, चि)** लामो दुरीको यात्रा हुनेछ, भाग्यले साथ दिनेछ, कार्यसिद्धीको योग परेको छ, टाढिएका मित्रजनसँग भेटघाट हुने समय छ ।

मिति २०८२/१०/०२ बिहीबारको
**सुनचाँदी मूल्य**



छापावाला सुन प्रति तोला रु. २,७७,७००/-
चाँदी प्रति तोला रु. ५,६६०/-

# गणेशप्रसाद खनाल
# शिक्षा क्षेत्रमा एक दृष्टिवान



गणेशप्रसाद खनाल पूर्वी नेपालका शैक्षिक विकासका लागि एक साँचो अग्रगामी हुनुहुन्थ्यो । उहाँलाई गोमेन्द्र बहुमुखी कलेज (जीएमसी)का प्रतिष्ठित संस्थापकको रूपमा सबैभन्दा राम्रोसँग चिनिन्छ, जुन उहाँले १९९६ (२०५३ बीएस)मा झापाको बिर्तामोडमा स्थापना गर्नुभयो । उहाँको दृष्टि स्थानीय विद्यार्थीहरूलाई गुणस्तरीय, आधुनिक शिक्षा-विशेषगरी सूचना प्रविधि र व्यवस्थापनमा सस्तो मूल्यमा उपलब्ध गराउनु थियो, जसले प्राविधिक डिग्रीहरू केवल राजधानीमा वा विदेशमा मात्र पहुँचयोग्य भएको धारणा चुनौती दियो ।

उहाँको प्रारम्भिक नेतृत्वमा, जीएमसी गर्वका साथ झापा जिल्लाको पहिलो आईटी कलेज बन्यो । अनुशासन, शैक्षिक उत्कृष्टता र समग्र विद्यार्थी विकास प्रति उहाँको प्रतिबद्धताले आजको दिनमा पूर्वाञ्चल विश्वविद्यालयसँग सम्बद्ध एक प्रमुख संस्थानको आधारशिला राख्यो ।

**सिद्धान्त र भविष्यदृष्टि भएका व्यक्ति**

खनाल एक नेता हुनुहुन्थ्यो, जसले शिक्षा राष्ट्रिय विकासको कुञ्जी हो भन्ने विश्वास राख्नुहुन्थ्यो । उहाँको भविष्यदृष्टि भएको दृष्टिकोण कलेजको पाठ्यक्रममा परिलक्षित भएको छ, जसले कृत्रिम बुद्धिमत्ता जस्ता अत्याधुनिक कार्यक्रमहरू समावेश गर्न विस्तार गरेको छ ।

उहाँका पछिल्ला वर्षहरूमा पनि उहाँको मार्गदर्शन र ज्ञानले 'गोमेन्द्र परिवार'लाई आकार दिएको छ, जहाँ विद्यार्थीहरूको आकांक्षाहरू उद्देश्य परिपूर्ति हुन्छ ।



**दीपक खनाल**

उहाँको जनवरी २०२६ (पौष २०८२ बीएस)मा ८५ वर्षको उमेरमा निधन भयो, एक समृद्ध शैक्षिक पारिस्थितिकी र आभारी विद्यार्थी र संकायको समुदायलाई पछाडि छोडेर जसले उहाँले स्थापित गरेको मूल्यहरूलाई निरन्तर कायम राख्छन् । उहाँको जीवनको काम पूर्वी नेपालमा उन्नत शिक्षा पहुँचयोग्य बनाउनको लागि समर्पणको प्रमाणको रूपमा उभिएको छ । संस्थालाई सफलतापूर्वक अघि बढाउनका लागि परिवारले संस्थापकको दृष्टिकोणमा अडिग रहनु आवश्यक छ । विश्वस्तरीय, सस्तो शिक्षा प्रदान गर्नु जसले विद्यार्थीलाई 'उज्ज्वल भविष्य'का लागि तयार पार्छ ।

**संस्थापकको दृष्टिकोणमा अडिग रहनु**

नेतृत्वको संकल्पले गोमेन्द्र बहुमुखी कलेजका लागि एक महत्वपूर्ण युगको संकेत गर्दछ । गणेशप्रसाद खनालले 'स्थानीय रूपमा अध्ययन गरेर विश्वव्यापी रूपमा योग्य बन्नु'मा विश्वास राख्नुहुन्थ्यो । परिवारले आफ्नो पितृको बिना यो पहिलो वर्षमा यात्रा गर्दा जीबीएम कलेज र विद्यालयको एकीकृत व्यवस्थापनले शिक्षा जीवनभरको, सामुदायिक केन्द्रित यात्रा हुनुपर्छ भन्ने उहाँको विश्वासको प्रमाणको रूपमा काम गर्दछ । यी सिद्धान्तहरूलाई कायम राखेर खनाल परिवारले पूर्वी नेपालमा प्राविधिक रूपमा उन्नत र शैक्षिक रूपमा कठोर भविष्यको उनको दृष्टिकोणलाई यथार्थमा परिणत गर्न सुनिश्चित गर्दछ ।



## शब्दचित्रमा
## स्व. गणेशप्रसाद खनाल
# एक युगपुरुषको जीवनयात्रा



**एकराज गिरी**

समाजको इतिहास केवल घटनाले होइन, व्यक्तित्वले पनि बनाउँछ । यस्ता व्यक्तित्वहरू हुन्छन्, जसले बोलेरभन्दा गरेर धेरै कुरा सिकाउँछन् । स्वर्गीय गणेशप्रसाद खनाल त्यस्तै एक युगपुरुष हुनुहुन्थ्यो, जसको जीवन आफैंमा एउटा जीवित उदाहरण थियो- सेवा, शिक्षा, संस्कार र समर्पणले भरिएको ।

वि.सं. १९९८ असार १ गते इलाम साखेजुङ-२ मा जन्मिनुभएका गणेशप्रसाद खनाल, पिता मुक्तिनाथ (जयनारायण) खनाल र माता हरिप्रिया खनालका दश सन्तान मध्ये ज्येष्ठ हुनुहुन्थ्यो । जेठो हुनुको जिम्मेवारी उहाँले जीवनभर बोक्नुभयो- परिवारमा अभिभावक बनेर, समाजमा संरक्षक बनेर । ८५ वर्षको दीर्घ जीवनयात्रा पूरा गरी वि.सं. २०८२ पुस २४ गते उहाँ हामीबाट भौतिक रूपमा विदा हुनुभयो, तर उहाँका कर्म र योगदानहरू सदाका लागि जीवित छन्, रहनेछन् ।

शिक्षालाई जीवनको मेरुदण्ड मान्ने खनालले २०१६ सालमा एसएलसी उत्तीर्ण गरी अर्थशास्त्रमा स्नातकोत्तर (एमए)सम्मको अध्ययन पूरा गर्नुभयो । २०१७ साल पुस १ गते तत्कालिन सहकारी तथा भूमिसुधारको सव-इन्सपेक्टर पदबाट निजामती सेवा शुरु गर्नुभएका उहाँ सह-सचिव पदबाट २०४९ सालमा सेवानिवृत्त हुनुभयो । तर, सेवानिवृत्ति उहाँका लागि विश्राम होइन, समाजसेवाको अर्को अध्यायको शुरुवात बन्यो । २०१७ साल फागुन २४ गते ऋतुकान्त र लीलावती भट्टराईकी साहिँली छोरी बुध खनालसँग विवाह बन्धनमा बाँधिनुभएका उहाँ पारिवारिक जीवनमा पनि अनुकरणीय अभिभावक बन्नुभयो । दिपक-कमला, डा. रूपक-सरस्वती (सरु) र उत्तम-गीता जस्ता छोराबुहारीसहितको परिवार उहाँको मूल्य-मान्यताको निरन्तरता हो ।

इलामको साखेजुङबाट झापाको शनिश्चरे, अर्जुनधाराको दहीझोडा, घैलाडुब्बाको दुर्गापुर हुँदै तत्कालीन अनारमनी-४ (हाल बिर्तामोड) मा बसाइँ सरेसँगै उहाँ झापाको सामाजिक, शैक्षिक र आर्थिक विकासका एक स्तम्भ बन्नुभयो । बिर्तामोडमा गोमेन्द्र बहुमुखी महाविद्यालयका संस्थापक प्राचार्य तथा गोमेन्द्र बिर्ता मोडेल माध्यमिक विद्यालयका संस्थापक प्रिन्सिपलका रूपमा उहाँले शिक्षा क्षेत्रलाई दिगो आधार दिनुभयो । परोपकार समाज बचत तथा ऋण सहकारी संस्थाका संस्थापक अध्यक्ष र एक्सेल विकास बैंकका संस्थापक मध्ये एक हुनुभयो । यी उहाँको आर्थिक दूरदृष्टिकोणका प्रमाण समेत हुन् ।

सेवा र सहयोग उहाँका जीवनका स्थायी परिचय थिए । साधुटार गुरुकुलदेखि ज्येष्ठ नागरिक भवन, नेपाल पत्रकार महासंघ झापाको पत्रकार सहारा उपचार कोषदेखि परोपकार वृद्धाश्रम, गणेश पाञ्चायन मन्दिरदेखि अर्जुनधारा जलेश्वर धाम, विराट-भरत विश्रान्तिदेखि प्राणनाथ सत्सङ भवन, साङ्वेद संस्कृत माध्यमिक विद्यालयदेखि घृतकौशिक गोत्रीय प्रतिष्ठानसम्म उहाँको योगदान फैलिएको छ । मोती समस्यापूर्तिका लागि 'मोती छन्द कला प्रकाशन' जस्तो सांस्कृतिक पहलले उहाँको साहित्यिक चेतनालाई पनि उजागर गर्छ ।

धार्मिक र सांस्कृतिक चेतनाले सम्पन्न खनालले श्रीलंका, जापान, सिंगापुर, अष्ट्रेलिया भ्रमणका साथै भारतका विभिन्न तीर्थ स्थलहरूको यात्रा गर्नुभयो । नेपालका अधिकांश जिल्ला भ्रमणले उहाँलाई अझ व्यापक दृष्टिकोण र अनुभव प्रदान गर्‍यो ।

समाजमा प्रेरणाको स्रोत, शिक्षासेवी, समाजको अभिभावक, कुशल व्यवस्थापक, शालिन र कर्मशील व्यक्तित्व-यी विशेषणहरू उहाँका लागि शब्द मात्रै होइनन्, यथार्थ हुन् । साहसिक र दूरदर्शी स्वभावका कारण उहाँ समाजका लागि सम्पत्ति बन्नुभयो । स्व. गणेशप्रसाद खनाल सरल जीवन र उच्च सोचका धनी व्यक्तित्व हुनुहुन्थ्यो । उहाँको दृष्टिकोण सदैव सकारात्मक थियो । अनुहारमा सधैं सौम्य मुस्कान र आँखामा आत्मीयता झल्किन्थ्यो । अर्थपूर्ण कुरा गर्ने उहाँको स्वभाव सबैलाई मन पर्थ्यो ।

उहाँ कर्तव्यनिष्ठ, इमानदार र परिश्रमी व्यक्ति हुनुहुन्थ्यो । जे काम गर्नुभयो, त्यसमा पूर्ण जिम्मेवारी र समर्पित देखिनुहुन्थ्यो । कठिन परिस्थितिमा पनि धैर्य नछोड्ने उहाँको बानीले धेरैलाई प्रेरणा दिएको थियो । पारिवारिक दायित्वप्रति सचेत र समाजप्रति उत्तरदायी रहनु उहाँको जीवनशैलीको मूल आधार थियो । सहयोगी भावना उहाँको अर्को महत्वपूर्ण पहिचान थियो । अरूको दुःख-सुखमा साथ दिन सधैं अगाडि सर्ने उहाँ कहिल्यै श्रेय खोज्नुहुन्नथ्यो । सादगी, सहिष्णुता र नैतिकताले भरिएको उहाँको जीवन सदा सम्झनलायक छ । उहाँका असल विचार, व्यवहार र संस्कारहरू परिवार, आफन्त र समाजमा सधैं जीवित रहनेछन् । स्व. गणेशप्रसाद खनाल एक आदर्श, अनुकरणीय र स्मरणीय व्यक्तित्वका रूपमा सदैव सम्झिइरहने नाम हो ।

स्व. गणेशप्रसाद खनाल अब हामीबीच हुनुहुन्न । तर, उहाँले रोपेका शिक्षाका बीउ, जगाएका सेवाका दीप र छोडेका मूल्य-मान्यताहरूले उहाँलाई अमर बनाइरहने छन् । उहाँको जीवनबाट हामीले सिक्नुपर्ने पाठ स्पष्ट छ- साँचो अर्थमा बाँच्नु भनेको आफूका लागि होइन, समाजका लागि उपयोगी हुनु हो । यही अर्थमा, गणेशप्रसाद खनाल एउटा व्यक्तित्व मात्रै होइन, एउटा प्रेरक अध्याय हुनुहुन्छ । श्रद्धेय गुरुप्रति भावपूर्ण श्रद्धासुमन ।




**सिलिङ्ग सम्बन्धीको सम्पूर्ण काम गर्नुपरेमा हामीलाई सम्झनुहोस्**

यहाँ गुणस्तरीय सामानको प्रयोग गरी जिप्सन, फल्ससिलिङ, २x२ जिप्सन तथा २x२ सिमेन्ट बोर्ड सिलिङ्ग साथै पीभीसी सिलिङ्ग र सिमेन्ट बोर्ड पाटेसन सम्बन्धी सम्पूर्ण काम दक्ष प्राविधिकबाट गरिनुका साथै सिलिङ्ग सम्बन्धी सम्पूर्ण सामान होलसेल तथा खुद्रा मूल्यमा उपलब्ध छ । आजै सम्पर्क गर्नुहोस् मौकाको फाइदा लिनुहोस् ।

बिर्तामोड : झापा फल्स सिलिङ्ग हाउस ९८१७९९७२१२, ९८२५९१४४३०
उर्लाबारी : उर्लाबारी इन्टेरियर डेकोर फोन नं. : ९८११३४८२४३

अब बिर्तामोडमा
**डा. पितामबर ठाकुर**
MBBS. MD(TU)
NMC NO. 1914
मेची अञ्चल अस्पतालका Ex-Superintendent वरिष्ठ फिजिसियन
हरेक दिन बिहान ११:०० देखि १:०० र दिउसो ३:०० देखि ५:०० बजेसम्म
के तपाईलाई तलका मध्ये कुनै समस्या छ ?
- पेट सम्बन्धी समस्या
- मुटु सम्बन्धी समस्या
- राति निद्रा नलाग्ने
- छाती दुख्ने
- फोक्सो सम्बन्धी समस्या
- बाथ
- थाईराईड
- रक्तचाप
- मधुमेह
डाक्टर आउने समय : बिहान ११:०० बजेदेखि ५:०० बजेसम्म
(+977) 9817964771
(+977) 023-590008
THAKUR POLYCLINIC
Birtamode-1, Jhapa, Nepal
Opposite of Paschim Bus Stand

**सस्तो मूल्यमा सिपमूलक तालिम**

प्लम्बर, इलेक्ट्रीसीयन, मेन, स्काफहोल्डर, स्टील फिक्चर लगायत कन्ट्रक्सन सम्बन्धी सम्पूर्ण ट्रेनिङ्गहरु गराइन्छ ।

नोटः टाढाबाट आउनेलाई खान/बस्नको सुविधा दिइने छ ।

सम्पर्क : ९७०४०६६८४४

**मार्बल शिलालेख**

यहाँ डिजिटल प्रविधिबाट मार्बलमा फोटो खोपिन्छ साथै आर्ट सम्बन्धी सम्पूर्ण कार्यहरु सरल दरमा गरिन्छ
सम्पर्क :
**एल. बि. आर्ट**
बिर्तामोड-४, पश्चिम बस स्टेण्ड अदुवा पुल छेऊ
फोन नं. : ९८४४६८५६००
९८१६०४९८००

**होटल समृद्धि सुरुङ्गा**

एसी हल, एसी रुम, बर्थ डे हल, शान्त वातावरणमा खाना/बस्नसहितको विशेष सुविधा अब होटल समृद्धि सुरुङ्गमा ।
**होटल समृद्धी**
हरिकुल बोर्डिङ्ग छेउ, हाइवे उत्तर कनकाई नपा, सुरुङ्गा, झापा
सम्पर्क : ९८२२१९५२७३, ९८५२६७१४२२

**SUNMAI SPRING**
'थोपा-थोपामा जीवन छ'
HACCP | ISO 9001:2015 CERTIFIED COMPANY | स्वदेशी हाम्रो सामान, हाम्रै स्वाभिमान
स्वास्थ्य जीवनका लागि सुनमाई पानी पिउने बानी बसालौं ।
SUNMAI SPRING
Phone: 530335, 530234
Mob. No. 9801440344

**आरोग्य मल्टि-स्पेसियलिटी डेन्टल क्लिनिक**

१५ वर्षको अनुभवसँग तपाईंको सेवामा :
हामीले प्रदान गर्ने सेवाहरू :
- दाँतका सम्पूर्ण समस्याको समाधान
- आर्थोडन्टिक उपचार (braces)
- दाँत सफा गर्ने (Scaling)
- ब्रिज, क्राउन र इम्प्लान्ट (implant)
- बालबालिका दाँत उपचार

निःशुल्क चेक-अप र आर्थोडन्टिक परामर्श लिनुहोस् ! तपाईंको सेवामा !
हाम्रो स्थानहरू :
बिर्तामोडमा हिकोला रोड
फोन नं. ९८६९१८३०४२
शनिश्चरेमा NIC एशिया बैंकको तल फोन नं. ९८१७०५६११८

DRISHTI Eye Care System
TRUSTED BY MORE THAN 1.1 MILLION+ PATIENTS
**प्रत्येक दिन आँखाको शल्यक्रिया**
१) मोतियाविन्दुको शल्यक्रिया
२) जलविन्दुको शल्यक्रिया
३) आँखाको पर्दा (रेटिना)को शल्यक्रिया
४) आँखाको डेढोपन (छड्के आँखा)को शल्यक्रिया
५) आँखाको नानी प्रत्यारोपण (शल्यक्रिया)
Visit our Website www.drishtieye.org
सबैका लागी दृष्टि सधैंका लागी दृष्टि

**आयुर्वेद उपचार**

यहाँ पाइल्स, फिस्टुला, फिसरको विशेषज्ञ डाक्टर जितेन्द्रकुमार मण्डलद्वारा माघ २ र ३ आउँदै हुनुहुन्छ । साथै शरीरका सम्पूर्ण रोगहरुको पनि उपचार गरिन्छ ।
**सुश्रुत आयुर्वेद अस्पताल प्रा.लि.**
काँकरभिट्टा रोड, बोलबम पेट्रोलपम्पसँगै काली मन्दिर छेउ, बिर्तामोड
मो. ९८१८७९३९८६, ९८५२६८८९८६

**कार्की ट्याक्सी सर्भिस**

दमक-बिर्तामोड-दानाबारी-जितपुर-मंगलबारे दैनिक सेवा रिजर्वको लागि पनि हामीलाई सम्झनुहोस्
छुट्ने समय
दमकबाट : बिहान ६ बजे
बिर्तामोडबाट : बिहान ७ बजे
मंगलबारेबाट : दिउसो १२ बजे
सम्पर्क (चालक)
सन्तोष ९८०६०१८१७४, ९८४०३८७६७५
जीवन कार्की ९८१७९४०१७३
मे १ ज १६७०

**हामीलाई सम्पर्क गर्नुहोस्**

सेक्युरिटीमा जागिर खानु परे वा सेक्युरिटी चाहिएमा हामीलाई सम्पर्क गर्नुहोस् । हामी तपाईहरुको आवश्यकता पूरा गर्नेछौं ।
*नोटः सिबिल वा रिटायर जुनै भए पनि हुनेछ ।*
सेभेन स्टार सेक्युरिटी सर्भिस प्रा. लि.
SEVEN STAR SECURITY SERVICE PVT. LTD.
फोन : ०२३-५९१०९५,
मो. ९८०१४१६८४०, ९८०१४१६८४१
मो. ९८०१४१६८४२, ९८०१४१६८४३

शुद्ध दूधको स्वस्थ उत्पादन
**कोसेली**
"सुखद् उत्सव होस वा पारिवारिक समारोहमा कोसेली सधैं तपाईहरुको साथमा'
दूध तथा दूधबाट बनेका सम्पूर्ण उत्पादनहरु बिर्तामोड एरियामा होम डेलिभरीसहित उपलब्ध छ । साथै क्याटरिङ्ग तथा पार्टी भोजका लागि चाहिने सम्पूर्ण दूग्ध परिकार र मिनी रसवरी पनि उपलब्ध छ ।
**कालिका डेरी,**
कृषिथोक पूर्वगेट बिर्तामोड,
फोन नं.: ०२३-५३४१२९
९८५२६४४१२९, ९८०२३१३२७२

Ganapati Bakers
Finest Bakery in town
गणपति बेकरीका परिकारहरुका लागि हामीलाई सम्झनुहोस् ।
सम्पर्क नम्बर :
बिर्तामोड : ९८१०९४४५७७
काँकरभिट्टा : ९८२०५४४५७७
भद्रपुर : ९८२०१४४५७७

**इलाम पाथीभरा काइरोप्रक्याटिक स्टीम मसाज थेपारी**
गरुवा बस स्टेण्ड पश्चिम शनिश्चरे रोड बिर्तामोडमा

यहाँ नशा च्यापिएका, ढाड-कम्मर दुखेका, हड्डी खिएका बिरामीका लागि काइरोप्रक्याटिक (ढाड-कम्मर पड्काउने) विधिबाट थेरापी माध्यमबाट सहज उपचार गरिन्छ । मसाज सम्बन्धीका सम्पूर्ण कार्यहरु अनुभवी प्रशिक्षकद्वारा सहज उपचार गरिन्छ ।
सम्पर्क : ९८६०४५५१०८, ९८६२७६६५९९
नोटः डा. बि. पी. तिम्सिनाद्वारा तयार गरिएका ग्याष्ट्रिक, अल्सर, पायल्स, दम, खोकी, नशा च्यापिएका बिरामीका लागि अनुभवी बैद्यबाट परामर्श गराइ औषधि उपलब्ध गराइन्छ ।

**हाडजोर्नी तथा नसाका समस्याहरूको सफल उपचार**

पूर्वाञ्चलकै पहिलो तथा एकमात्र फरक चिकित्साको उपचार स्पार्क पूर्वाञ्चल अस्पताल बिर्तामोड झापामा हाडजोर्नी तथा नसाका बिरामीहरुको सफल उपचार ।
**जाँच तथा उपचार हुने समस्याहरु**
- गर्धन, ढाड, कम्मर दुख्ने, डिस्स प्रोल्याप्स, नसा च्यापिएको, हड्डी खिइएको
- बाथ रोग, युरिक एसिड बढेको, आर्थराइटिस, जोर्नी दुख्ने, जोर्नी जाम भएको
- शरीर झमझमाउने, पोल्ने, लाटो हुने, काम्ने,
- प्यारालाइसीस तथा हिंड्न गाह्रो हुने शरीरको एक वा दुबै भाग नचल्ने, मुख बाङ्गिएको बिरामीलाई भर्ना गरी विशेष उपचार गरिन्छ ।
- प्लाराइसीस भएका तथा हिंड्न नसक्ने बिरामीका लागि अस्पतालमा भर्ना गरी विशेष उपचार गरिन्छ ।

**स्पार्क पूर्वाञ्चल अस्पताल,** कनकाई रोड
नेपाल टेलिकम पूर्व बिर्तामोड, झापा
(फोन : ०२३-५३०१२३, ९८०३१५४६१९, ९८१४०३२६६२, ९७६२९००२८८)

**वैदेशिक रोजगार**
अब वैदेशिक रोजगारीका लागि भरपर्दो मेनपावर बिर्तामोडमा
हामीलाई सम्पर्क गर्नुहोस् । बिना झन्झट राम्रो तलब (सेलरी)मा तपाईलाई वैदेशिक रोजगारमा हामी पठाउँछौं ।
सम्पर्क :
यूनाइटेड प्लेसमेन्ट एण्ड इम्प्लोइमेन्ट सर्भिस प्रा. लि.
शाखा कार्यालय बिर्तामोड
मो. ९७०२९५९६४० / ९७०२९५९६४१

United International Group
**UAE मा रोजगारीको अवसर**
७ दिनमा भिषा आउने
कम्पनीः युनाइटेड इन्टरनेशन ग्रुप LT No. 309924
पद : मेसन, कार्पेन्टर, स्टील फिक्चर, हेल्पर
ASIA LINK SERVICES (P) LTD.
BRANCH OFFICE : BIRTAMOD, JHAPA
Tel: 023-535072 / 531287
Mob: 9852674809 / 9863714421
9807963795 / 9816015488
email:
asialinkjhapa@gmail.com
phagdhakgroup@gmail.com


**कम्पनीको नाम परिवर्तन सम्बन्धी सूचना**

प्रथम पटक प्रकाशित मिति : २०८२/०९/०३

यस कम्पनीको मिति २०८२/०९/२० मा सम्पन्न विशेष साधारणसभाको निर्णय बमोजिम साबिकको कम्पनी अवाकस एजुकेशन फाउण्डेशन प्रा. लि. (प्रा. लि. नं. २०८०५) को नाममा रहेको सम्पूर्ण चलअचल सम्पत्ति तथा तिर्न व्यहोर्नुपर्ने ऋण, धन, कर, दायित्व आदि परिवर्तित नामको कम्पनीले सकार्ने, व्यहोर्ने गरी श्री कम्पनी रजिष्ट्रारको कार्यालयको मिति २०८२/०९/३० को निर्णय अनुसार कम्पनीको नाम परिवर्तन गरी आदर्श आरम्भ एकेडेमी प्रा.लि. कायम गरिएको व्यहोरा जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ ।